# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## टिकापुर नगरपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## टिकापुर नगरपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## टिकापुर नगरपालिका

### कैलाली

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

(सुदूरपश्चिम प्रदेश)

पत्र संख्या: २०७९।८०

च.नं. ५१४

मिति: २०७९।१२।२९

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,

टिकापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

कैलाली ।

**कैफियत सहितको राय**

हामीले टिकापुर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ९१ लाख ३१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४४ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४५ लाख २ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ८४ लाख १८ हजार र पेश्की रू. १७ लाख ६० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २१ करोड ९९ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २७ करोड ९० लाख ५८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारांप्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

टिकापुर नगरपालिका, कैलाली

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०३ | २११ | ५९१३१ | ० | ० | ० | १०३ | २११ | ५९१३१ | ४४५१ | ३८४१८ | १४५०२ | ० | ० | ५२९२० | १७६० |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| टिकापुर नगरपालिका, कैलाली | २१९९२७ | ० | ० | २१९९२७ | ० | ५९१३१ | २७९०५८ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : टिकापुर नगरपालिका, कैलाली

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | दमन सिंह चौधरी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | मोहन प्रसाद अर्याल | २०७७-५-८ | २०७८-६-१३ |
| लेखा प्रमुख | लक्ष्मी ओड | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५९,१३१,५३३.७९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३६,६९,१३,४२१.८१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५३,०४,०७,३७३ | **चालु खर्च** | ५०,८२,४६,९२७.८४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५५,२२,९६४ | **पूँजीगत खर्च** | ३१,०८,२३,२५३.५६ |
| **राजश्व बाँडफाँट** | १८,९२,९८,७७३.५६ | **वित्तीय/अन्य व्यवस्था** | ३२,९९,७२,२२५.१८ |
| **आन्तरिक आय** | ६,९९,५०,१७४.३९ | | |
| **अन्य आय** | २९,७५,४४,०२६.१५ | | |
| **कुल आय** | १,१२,२७,२३,३११.१ | **कुल खर्च** | १,१४,९०,४२,४०६.५८ |
| **बाँकी मौज्दात** | | ३४,०५,९४,३२६.३३ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, १२२.२२ वर्ग किलोमिटर क्षेत्रफल तथा ७६०८४ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. १५,१०० असुली भई सञ्चित कोष दाखिला भएको छ । | |

| दाखिला | बापत | रकम रु. | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| | आम्दानी छूट | १०,००० | २०७९।९।२८ | NIC Asia dc खातानं (१९२५५) |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>नगर बिकास समितिको खातामा दाखिला</td><td></td><td></td><td></td><td></td></tr><tr><td>बेरुजु खातामा दाखिला</td><td>प्रशिक्षक भत्ता बढी</td><td>१७००</td><td>२०७९।११।१४</td><td>नेपाल बैंक लिमिटेड, टिकापुर शाखा</td></tr><tr><td>बेरुजु खातामा दाखिला</td><td>प्रशिक्षक भत्ता बढी</td><td>३४००</td><td>२०७९।११।१४</td><td>नेपाल बैंक लिमिटेड, टिकापुर शाखा</td></tr></table> | |
| ४ | | | **आन्तरिक नियन्त्रणतर्फ** | |
| ४.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन: <br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन, <br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन, <br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन, <br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन, <br>· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई अर्धबार्षिक रुपमा मात्र कर दाखिला गर्ने गरेको पाइयो, <br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन, <br>· कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । <br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भए तापनि यस पालिकाले सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली बनाइ लागु गरेको देखिएन,<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>· पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समितिहरु दर्ता गरी व्यवस्थित गर्नुपर्नेमा सो गरेको पाइएन,<br>· वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,<br>· पालिकामा आन्तरिक लेखा परीक्षण शाखा छ तर जनशक्ति छैन र आन्तरिक लेखापरीक्षण भएको पाइएन,<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को व्यवस्थाअनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>· निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण वनाई लागू गरेको पाईएन,<br>· नगरपालिकाको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक गरेको पाइएन,<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | **निदृष्ट फारामहरुको प्रयोगः** पालिकाले विभिन्न योजनाहरुको निर्माण कार्यको खर्च सार्वजनिक सुचना फाराम तथा योजना सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई, योजना सम्झौता फाराम लगायतका फारामहरुको विकास गरी प्रयोग गरेको छ । तर प्रयोग गरीएका फाराहरुमा भर्नु पर्ने पुर्ण विवरण भरेको पाइएन । | |
| ४.३ | | | **लागत प्रभावी योजना तर्जुमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिसँग सम्झौता र कार्यदिश पश्चात लागत अनुमान तयार हुने गरेको छ । योजनाको कार्यान्वयमा प्रभावकारीता ल्याउन तथा बस्तुनिष्ठ योजना बनाउनको लागि पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गरी सो बमोजिमको बजेट विनियोजन गरी खरिद व्यवस्थापन गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.४</td><td></td><td></td><td>धरौंटीको अभिलेखः पालिकाले आर्थिक वर्ष भरी कट्टी गरीएको धरौंटी रकम आर्थिक वर्षको अन्त्यमा एकमुष्ठरुपमा नामनामेशी नखुलाई आम्दनी बाँधेको देखियो । यस्तो प्रकारको कार्यले कसको धरौंटी कति हो ? र प्रयोजन के हो भन्ने खुल्न सकेन । पालिकाले धरौंटी कट्टि गर्दा कै बखत आम्दानी बाँधी धरौंटीको अभिलेख अद्यावधिक गर्नु पर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार यस वर्षको मौज्दात धरौटी रु. १३६८७३३०.७३ रहेको छ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट तथा कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४,६५६९,७५०।५२</td><td>३,४२,५०,३५०।००</td><td>४.१८</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>४३,२७,४१,०९८।२४</td><td>२५,८९,३२,१२३।७०</td><td>३१.६१</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३७,६१,६६,९१७।९७</td><td>३२,४४,९४,०५५।५</td><td>३९.६१</td></tr>
<tr><td>संस्थागत बिकास सेवा</td><td>३,२४७८,०५६।६३</td><td>१,८९,०४,४६१।८०</td><td>२.३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रवाह र सुशासन</td><td></td><td></td><td></td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>२०६२,२२,४५०।९९</td><td>१८,२४,८९,१९०।४०</td><td>२२.२८</td></tr>
<tr><td>जम्मा</td><td>१०,९,४१७८,,२७४।३५</td><td>८१,९०,७०,१८१।४०</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ३९.६१ प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.३० प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>रकमान्तर: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐन २०७८ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू २४ करोड ५२ लाख ५५ हजार अर्थात कुल बजेट रू १ अर्ब २१ करोड.६० लाख ४२ दहजारको. २०.१६ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ। अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालु र पुजिगत गरी जम्मा १०९८ कार्यक्रम मध्ये ९२ वटा कार्यक्रममा शुन्य प्रगति देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च-आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसोचौमासिक</th></tr>
<tr><td>१</td><td>पूँजीगत खर्च</td><td>३१०८२३</td><td>४४७४५</td><td>७९४३६</td><td>१८६६४२</td></tr>
<tr><td>२</td><td>खर्च प्रतिशत</td><td>१००.००</td><td>१४.३३</td><td>२५.५५</td><td>६०.०४</td></tr>
</table>
वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ६४.०४ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>खर्च बिश्लेषण – पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ९,२८,३२,५५१।७२ राजस्व बाँडफाँड र अनुदानबाट रू ७५,६२,९६,८२६।१९ समेत रु ८४,९१,२९,३७७।९१ आम्दानी भएकोमा चालु तर्फ रु ५०,८२,४६,९२७।८४ र पूँजिगत तर्फ रु ३१,०८,२३,२५३।५६ समेत रु ८१,९०,७०,१८१।४०खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.३३ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु ८८,५२,५००।०० खर्च भएको छ जुन आन्तरिक आय ९.५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.०५ प्रतिशत चालु र ३७.९४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>योजना र कार्यान्वयन–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ५१ |
| २ | रु १ लाखएक देखि २ सम्मका योजना | २४ |
| ३ | रु २लाखएक देखि ५ लाख सम्मका योजना | ३९ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ६ |
| ५ | दश लाख भन्दा माथिका | १० |
| | **जम्मा** | १३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट तर्जुमा तथा कार्यक्रम**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७ | | | **बित्तिय बिवरण परीक्षण** | |
| ७.१ | | | **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ७.२ | | | **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२७,३१,२९,९३३।१९ र गरिबसंग बिश्र्वश्वरको रु.४,६४,०००।००समेत गरी रु २७,३५,९३,९३३।१९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ७.३ | | | **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ४,१५,००,२२१।०६पुँजीगत खातामा रु. १,०२,९१,३६७।८२आन्तरिक राजस्व खातामा रु६,९९,५०,१७४।३९राजस्व बाँडफाँड खातामा रु ५०,१७,५६७।०० समेत रु.१२,६७,५९,३३०।२७ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सम्बन्धित सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.४</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः<br>
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>२७६०५४६७०।६९</td><td>१६१७३३९१०।९७</td><td></td></tr>
<tr><td>चालु खर्च खाता</td><td>६९,९१,७२३।६१</td><td>४,१५,००,२२१।००</td><td></td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>१,०७,८५,६४०।४४</td><td>१,०२,९१,३६७।८२</td><td></td></tr>
<tr><td>विविध खर्च खाता</td><td>७३,६०,१६०।०१</td><td>५,३७,८२१।५१</td><td></td></tr>
<tr><td>विपद व्यवस्थापन खाता</td><td>२६,२९,७३२।२६</td><td>२६,३७,९६३।१५</td><td></td></tr>
<tr><td>स्थानीय विभाज्य कोष</td><td>०</td><td>२,००,३८,५००।००</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| बिबिध कोष खाता | ५,१३,३४९।०६ | ३४,७७,२२७।०६ | |
| धरौटी | २,२९,८७,८२९।६९ | १,९६,०९,७८०।८७ | |
| ग१.१, आन्तरिक राजस्व खाता | ००।०० | ६,९९,५०,१७४।३९ | |
| आन्तरिक अनुदान खाता | | ५०,०००।०० | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ००।०० | ५०,१७,५६७।०० | |
| बैङ्क | ३२,०६,९८,९६१।३३ | ३३,४८,४४,५३३।९३ | १,४१,४५,५७२।६० |
| **जम्मा** | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | **फरक जिम्मेवारी**-पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू. ३०,५०,९२,९२३।०५ मौज्दात रहेकोमा यो वर्ष रु. ३६,६९,१३,४२१।४८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६,१८,२०,४९८।४३ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नु पर्दछ। | |
| ७.६ | | | **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु३६,६९,१३,४२१।४८ , यस वर्षको प्राप्ति रु. ८४,९१,२९,३७७।९१यस वर्षको भुक्तानी रु ८७,५४,४८,४७३।३९र बैङ्क मौज्दात रु ३४,०५,९४,३२६।६३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३६६९१३४२१।४८ | ८४९१२९३७७।९१ | ८७५४४८४७३।३९ | ३४०५९४३२६।६३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३६६९१३४२१।४८ | १,१२,२७,२३,३११।०० | १,१४,९०,४२,४०६।५८ | ३४,०५,९४,३२६।६३ |
| फरक | ० | २७,३५,९३,९३३।१९ | २७,३५,९३,९३३।१९ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.७ | | | **कट्टी रकम दाखिला नभएको** : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन, २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू १,८३,६३८।०० संघिय संचित कोष दाखिला गरेको देखिएन । अतः कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखाएको रु. | १८३,६३८ |
| ८ | | | **अनुदान पासी उपयोग र फिर्ता** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.१</td><td></td><td></td><td>अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको रकम श्रावण महिनामा संघिय सरकारमा रू ५,००,०८,३४०।५५ मिति २०७९।४।८ मा फिर्ता गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका नाफामूलक संस्थाको भवन निर्माण खर्चमा लागि रु ७,८१,३७६।०० अनुदान उपलब्ध गराएको छ ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>उज्यालो बहुउदेश्य सहकारी</td><td>भवन निर्माण</td><td>२९९०३४</td></tr>
<tr><td>२</td><td>पशुपति ग्रामीण सहकारी संस्था</td><td>पर्खाल निर्माण</td><td>४८२३४२</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>खरिद तथा कन्टिन्जेन्सीतर्फ</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>खरिद व्यवस्थापनः सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था बमोजिम खरिद नियमावली तयार गरी लागू गर्नको लागि तीनवटै संघीय तहहरुलाई अधिकार दिइएको अवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गरेको देखिएन । यस पालिकाको खरिद व्यवस्थापन सम्बन्धी निम्नानुसारको अवस्था रहेको छः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना बनाएको छैन,<br>• खरिद एकाइको गठन गरेको छ तर खरिद एकाइको प्रयोग गरी खरिद व्यवस्थापन गरेको देखिएन,<br>• एकिकृत रुपमा खरिद कार्य नगरी टुक्रे खरिद गरेको देखिन्छ ।<br><br>यस्तो प्रकारको प्रवृत्तीले सार्वनजिनक खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुन जाने तथा गुणस्तरीय वस्तु तथा सेवाको आपुर्तिको सुनिश्चितिता हुन सक्दैन । यसर्थ, सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । | |
| ९.२ | | | **कन्टेन्जेन्सी रकम व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिम लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने तथा सोको खर्च गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । नगरपालिकाले उपभोक्ता समितिबाट काम गराउँदा योजनाको लागत रकमको ४ प्रतिशत रकम कन्टेन्जेनसी रकम कट्टी गरेको छ । कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्नको लागि कन्टेजेन्सी योजना बनाएर व्यवस्थित गरेको पाइएन । | |
| १० | | | **सम्पत्ति व्यवस्थापनतर्फ** | |
| १०.१ | | | **जिन्सी निरीक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४,५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको मर्मत, लिलाम र मिन्हा गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार देहाय बमोजिम मर्मत, लिलाम र मिन्हा समेत गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत, लिलाम र मिन्हा समेत गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत, लिलाम र मिन्हा गरी कार्यालयले पाम्समा जिन्सी अद्यावधिक गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारी साधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेसन उल्लेख गरी अद्यावधिक गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>विवरण</td><td>जिन्सी प्रयोगमा नरहेका</td><td>प्रयोगमा नरहेका मध्ये मर्मत गर्न सक्ने</td><td>प्रयोगमा नरहेका मध्ये लिलाम वा बिक्री गर्नुपर्ने</td><td>प्रयोगमा नरहेका मध्ये मिन्हा गर्नुपर्ने</td><td>कैफियत</td></tr>
<tr><td>पालिकाको एकीकृत विवरण</td><td>६३ किसिमका ३६९ वटा सामाग्रीहरु</td><td>विवरण उल्लेख नभएको</td><td>६० किसिमका ३५१ वटा सामाग्री</td><td>३ किसिमका १८ वटा सामाग्री</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>सार्वजनिक सम्पत्तिको अभिलेखः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ । | |
| १०.५ | | | **कोषहरुः** आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका प्रकोप व्यवस्थापन कोष, विविध कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोष र संचित कोष गरी ५ वटा कोषहरुको विवरण अद्यावधिक छ । विविध कोष तथा कर्मचारी कल्याण कोषतर्फ आय प्राप्तिको उपयोग सन्तोषजनक छैन् । | |
| १०.६ | | | **जिन्सी लगत खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |
| १०.७ | | | **वडा कार्यालयबाट सामाग्री खरिदः** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । नगरपालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्यावधि हुन सक्दैन् । अतः एकिकृत रुपमा वडाहरुको जिन्सी सामाग्री खरीद गरी पाम्समा सबै सामाग्रीहरुलाई स्पेशिफिकेशन सहित खुलाएर राख्ने व्यवस्थाको पालना गर्नको लागि पालिकाले ध्यान दिनु पर्दछ । | |
| ११ | | | **आर्थिक सहायता तथा विविधतर्फ** | |
| ११.१ | | | **खाना तथा विविध खर्चः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. २७,१५,१०८ खर्च गरेको छ। त्यस्तै विविध खर्चमध्ये सभा सञ्चालन कार्यमा मात्र रु. ८,६४,८५८ खर्च गरेको छ । यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ । | |
| ११.२ | | | **आर्थिक सहायताः-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ८३ संघसंस्था र व्यक्तिहरुलाई रु. ५,००० देखि रु. २५,००० सम्म | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा रु. १०,००,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ८,८५,३९,२४७ को १.१३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः<br>
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२४३</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३१७४</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>८४२</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१३९७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१४१६</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१८</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>विवरण प्राप्त नभएको</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
</table>
<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सुचना प्रविधिको प्रयोग र व्याकअप प्लान<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको व्याकअप प्लान बनाउन र लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले सांग्रीला सफ्टवेयर प्रणाली, राजश्व सुचना व्यवस्थापन प्रणाली (RMIS), विद्युतिय सरकारी लेखा प्रणाली (CGAS), सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लगायतका प्रणालीहरु सञ्चालनमा ल्याएको देखिन्छ । केही सरकारी र केही निजी कम्पनीका प्रोटलहरु सञ्चालनमा ल्याएको देखिन्छ । यसरी गैर सरकारी प्रणालीहरु सञ्चालनमा ल्याउनु पर्व सूचना प्रविधि विभागबाट स्विकृती लिएको देखिएन । यसको साथै डाटा व्याकअपको पर्याप्त व्यवस्था गरेको पाइएन । सूचना प्रविधि विभागबाट पुर्व स्विकृति लिने र डाटाको व्याकअपको पर्याप्त व्यवस्था कायम गर्न तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानून निर्माणको स्थिति<br><br>यस नगरपालिकाको न्यायिक समितिले हालसम्म १९ वटा ऐनहरु, ९ वटा नियमावलीहरु, ३७ वटा कार्यविधिहरु, ३ वटा निर्देशिकाहरु, १ दिग्दर्शन २ वटा मापदण्डहरु र २ आचार संहिता सहित जम्मा ७३ वटा कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आ. व. २०७८/७९ मा ४ वटा ऐन, २ वटा नियमावली, १ निर्देशिका र ७ वटा कार्यविधिहरु सहित जम्मा १४ वटा कानुनहरु निर्माण भएको देखिन्छ । हालसम्म पनि स्थानीय सार्वजनिक खरिद नियमावली र स्थानीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बन्न सकेको देखिएन । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण गरी कानुनी सामञ्जस्यता र तादाम्यता तथा प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ । | |
| १५ | | | **लाभग्राही समुदायको काम** | |
| १५.१ | | | **ग्राभेल सामाग्रीमा रोयल्टीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले उपभोक्ता समितिको बिलको रकम भुक्तानी गर्दा प्राबिधिक बिलमा ग्राबेलमा रोयल्टी भनी मुल्याङ्कन गरेको तर रोयल्टी तिरेको बिल बिजक पेश नगरी भुक्तानी दिएका केही उदाहरण निम्न छन । अत यसरी रोयल्टी वापत भुक्तानी गरेको रकम उपभोक्ताले तिरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.. | १९०,८७९ |

| उपभोक्ता समितीको नाम | भौचर न | प्रयोग ग्राबेलको परिमाण | ग्राबेल रोयल्टी दर | बिल पेश हुनुपर्ने | बिल पेश भएको | फरक रकम |
|---|---|---|---|---|---|---|
| पिडियोको घरदेखि बाटो निर्माण कार्य उ.स ४ | ३।२०७९।३।२१ | २१५ | ७५ | १६१२५ | १०८०० | ५,३२५ |
| टी. न. पा.१ बाटोमा माटो र ग्राबेल उ.स. | २३।२०७८।४।२६ | २४० | ७५ | १८००७ | ० | १८,००७ |
| वडान ५ का बिभिन्न बाटाहरू ग्राबेल उ.स | ४१।२०७८।४।२७ | १९१ | ७५ | १४३२५ | ० | १४,३२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आखा अस्पताल जाने बाटो निमाण उ.स | ६२।२०७८।६।१३ | ४०३ | ७५ | ३०२२५ | १३५०० | १६,७२५ |
| बेलुवा चौराह चोकदेखि दिब्यपुर प्रतिपुरहुदै सडक कालोपत्रे उ.स | १०२।२०७८।९।२१ | २५० | ७५ | १८७२० | ० | १८७२० |
| जितराम चौधरीको घर हुदै पथरैया घाटहुदै बाटो ग्राबेल उ.स | ३३७।२०७९।३।१४ | ४०८ | ७५ | ३०५३२ | ० | ३०,५३२ |
| नयाँलुहारको घरदेखि माटो पटानी तथा ग्राबेल उ.स | १९।२०७८।४।२६ | ४३१ | ७५ | ३२३४० | ० | ३२३४० |
| बल्क सिको ओपन स्पेशबाट माटो तथा ग्राबेल उ.स | २०।२०७८।४।२६ | ९० | ७५ | ६७८० | ० | ६,७५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भिम बोगटीको घरदेखि ईश्वर सोडारीको घर सम्म बाटो ग्राबेल उ.स</td><td>३०।२०७८।४।२७</td><td>१९४</td><td>७५</td><td>१४५५५</td><td>०</td><td>१४,५५५</td></tr>
<tr><td>बिष्णु ढुगानाको घरदेखि ग्राबेल सडक नि.उ.स</td><td>२८१।२०७९।२।३१</td><td>२८२</td><td>७५</td><td>२११५०</td><td>०</td><td>२१,१५०</td></tr>
<tr><td>खक्रौला सडक राजु अर्यालको घरदेखि कालोपत्रे उ.स</td><td>४२४।२०७९।२।३१</td><td>१६६</td><td>७५</td><td>१२४५०</td><td>०</td><td>१२४५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१,९०,८७९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>रोयल्टी रसिद पेश नभएको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम९७(६) मा कामको प्राबिधिक मुल्याङकन बिल भरपाई खर्च प्रमाणीत गर्ने अन्य बिल भरपाई समितिबाट प्रमाणित गरी सार्वजनिक निकायमा पेश गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समितबाट गराईएका निम्न कार्यमा देखिएको ब्यहोरा तल उल्लेख गरिएको छ । अत नगरपालिका कार्यालयले सम्बन्धित उपभोक्ता पेश गरे बमोजिमको रोयल्टी रकम सम्बन्धित स्थानिय तहलाई बुझाएको नगदी रसिद भए प्रमाण पेश गर्ने अन्यथा उक्त रोयल्टी रकम असुल गरी नगरपालिका कोषमा दाखिला गर्नु पर्ने रू...
<table>
<tr><td>भौचर न</td><td>उपभोक्ता समिति</td><td>स्थानिय तह</td><td>रसिद न र ब्यहोरा</td><td>दर</td><td>रकम</td></tr>
</table>
</td><td>३७८,९७१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४।२०७९।३।२१ | पानीमुला सडकमा माटो तथा ग्राबेल उ.स टीकापुर ६ | लम्की चुहा नगरपालिका | आर्थिक बर्ष २०७७।७८ को रोयल्टी बिल पेश गरेको १९५।७५ घ.मी. | ७५ | १४,६८१ |
| ५।२०७९।३।२१ | शेरबहादुर रावल र प्रेम भन्डारीको घर हुदै बाटो ग्राबेल उ.स | लम्की चुहा नगरपालिका | आर्थिक बर्ष २०७७।७८ को रोयल्टी बिल पेश गरेको १८० घ.मी. | ७५ | १३,५०० |
| ७।२०७९।३।२१ | बम बहादुरको घरदेखि बाघमारा जाने सडक नि.उ.स | लम्की चुहा नगरपालिका | र.न २१६६४ बाट २००, २०८०८ बाट२००, ९१९५बाट२००,२१२३९बाट २००.गरी ८००घ.मी | ७५ | ६०,००० |
| ९।२०७९।३।२३ | मिनु देबिको घर देखि गगन | घोडाघोडी नगरपालिका | र.न.२४६५५.३५५०७.२४६५७ २४६५७,बाट गरी जम्मा७५७ घ.मी. | ७५ | ६५,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दमाई को घर हुदै बाटो ग्राबेल उ.स | | | | | |
| | | | १६।२०७९।३।२३ | स्वास्थ्य केन्द्र देखि ज्योति नगर स्कुल दक्षिणपट्टी बाटो ग्राबेल उ.स | लम्की चुहा नगरपालिका | र.न.८८९४,८८९३,८८९५ बाट गरी जम्मा ५९४।६ घ.मी | ७५ | ४४,६०० | |
| | | | २६।२०७९।३।२५ | रितश कशर्माको घरदेखि मिन साउदको घर हुदै बाटो ग्राबेल | जानकी गाउपालिका | र.न८७४४देखि ८७५२सम्म २९९ घ.मी | ७५ | २२,४४० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०७।२०७८।९।३०</td><td>टीकापुर पार्कमुख्य प्रबेशदार ग्राबेल उ.स</td><td>जानकी गाउपालिका</td><td>र.न ९२८४देखि ९२९८ सम्म १५ रसिद बाट२१०६ घ. मी बिल पेश भएको</td><td>७५</td><td>१,५७,९५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३,७८,९७१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु निम्न रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th></tr>
<tr><td>४३।२०७९।४।२७</td><td>खक्रौला सडकदेखि धौलागिरी क्यासेट स्मृती</td><td>सडक कालोपत्रे</td><td>१७,७४,०३२</td><td>रोलर लोडर</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | हुदै सडक कालोपत्रे उ.स | | | |
| १२२।२०७८।११।१ | अस्नेरीदेखि छेगरखैला जाने बाटो कालोपत्रे उ.स | सडक कालोपत्रे | १७,९७,१८५ | रोलर लोडर |
| ११७।२०७८।१०।२४ | जमरा पक्कीपुल देखि रामपुर चौराहसम्म सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | १३,९६,५४८ | रोलर लोडर |
| १५४।२०७८९।११।२७ | नारायणपुर देखि वडा कार्यालय हुदै सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | ११,३९,६०३ | रोलर लोडर |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | |
|---|---|---|---|---|
| ४२४।२०७९।३।२४ | खक्रौला सडक राजु अर्यालको घरदेखि कल्लु घिमिरेको घरसम्म कालोपत्रे उ.स | सडक कालोपत्रे | ७,१४,६३४ | रोलर लोडर |
| ४२६।२०७९।३।२४ | टीकापुर न.पा.२सडक कालोपत्रे उ.स | सडक कालोपत्रे सडक | १५,२३,३५६ | रोलर लोडर |
| १०२।२०७८।९।२१ | बेलुवा चौराहदेखि बेलुवा दिब्यपुरप्रतिपुर हुदै हुलाकी सडकसम्म सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | २४,७६,९९९ | रोलर लोडर |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०५।२०७८।९।२७</td><td>सुर्यपुर हुलाकी सडक हुदै वडा कार्यालय खक्रौला सडक कालोपत्रे उ.स</td><td>सडक कालोपत्रे</td><td>१६,२२,४४४</td><td>रोलर लोडर</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>
अन्य कार्यालयको खर्च :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले निम्न निमार्ण कार्य गरी भुक्तानी गरेको रकम नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमाको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><td>भौचर न</td><td>कामको बिवरण</td><td>रकम</td></tr>
<tr><td>२५।२०७९।३।२५</td><td>सुनचादी रत्न आभुषण ब्यावसायीको भवन निर्माण</td><td>९,९८,१६८</td></tr>
<tr><td>१२।२०७९।३।२३</td><td>शिवशक्ती समाज बिकास संस्था टीकापुर</td><td>७,०२,०००</td></tr>
<tr><td>३।२०७८।४।२६</td><td>सामुदायिक रेडीयो एफ एम १०.१ मेगाहर्ज टीकापुर</td><td>६,५८,३६१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१२।२०७८।४।२६</td><td>ईलाका प्रहरी कार्यालय भित्र आवास निर्माण</td><td>३,१६,०८९</td></tr>
<tr><td>३२७।२०७९।३।१४</td><td>सुनसनियामा बिधुत सहकारी भवन निर्माण</td><td>४,९९,८९१</td></tr>
<tr><td>८८।२०७८।८।२४</td><td>अस्थायी प्रहरी पोष्ट निर्माण व्यक्तीको नाममाचेक जारी</td><td>२,३५,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५.५</td><td></td><td></td><td>कल्याणकारी कोषः कार्यालयले २०७८।७९ सम्म कोषको खर्च रू. ४,८५,३४,९४८।९९ मध्ये यस बर्ष लगानी गरेको रू. १,०७,००,०००।०० र बिगत बर्षहरूमा लगानी गरेको रू. १,०६,०९.४४०।०० गरी रु. २,१३,०९,४४०।०० को सुत्रमा अभिलेख राखेको देखिएन । अतः कार्यालयले यस सम्बन्धमा आवश्यक छानबिन गरी लगानीको व्यवस्थित अभिलेख सुत्रमा राख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सशर्त पुजिगत</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.८८,२१,३२८।०० निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.......
<table>
<tr><td>सि. न</td><td>बिधालयको नाम</td><td>कामको व्यहोरा</td><td>रकम</td></tr>
</table></td><td>८,८२१,३२८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>कालिका आधारभुत बिद्यालय टीकापुर</td><td>४ कोठे भवन निर्माण</td><td>१९,,३४,८२१</td></tr>
<tr><td>२</td><td>कर्णाली मा. बि टीकापुर</td><td>नमुना बिद्यालय कार्यक्रम</td><td>३८,९०,६६२</td></tr>
<tr><td>३</td><td>जनजागृति मा. बि. टीकापुर</td><td>२ कोठेभवन निर्माण</td><td>५,३०,०१२</td></tr>
<tr><td>४</td><td>कालिका आ. बि टीकापुर</td><td>४ कोठे भवन निर्माण</td><td>२४,,६५,८३३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८८,२१,३२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>भवन मापदण्डः भवन मापदण्डको अनुसार तराईको जिल्लाको लागि ३.२ मिटर उचाई हुनु पर्ने ब्यवस्था छ । लेखपरीक्षणको क्रममा कर्णाली नमूना बिद्यालयको भवन निर्माण फिल्ड निरीक्षण गर्दा उक्त बिधालयको गराउण्ड फलोरको हाईट २.८ मिटर मात्र उचाई रहेको देखिन्छ । यसरी मापडण्ड बिपरीत निर्माण गरेको कार्य वास्तबिक र तराईका जिल्लाको लागी उपयुक्त देखिएन । साथै उक्त भवनको उचाई अनुसार गर्मी महिनामा कक्षा संचालन र अन्य ब्यवस्थापनमा समेत कठिनाई पर्ने देखिन्छ । अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी मापडण्ड बिपरितका कार्य गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>अनुदान ब्यवस्थापनः कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सि.न.</td><td>बिद्यालयको नाम</td><td>कार्यक्रमको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>कर्णाली मा. बि टीकापुर १</td><td>ICT ल्याव स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>२</td><td>कर्णाली मा. बि टीकापुर ७</td><td>ICT ल्याव स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>३</td><td>त्रिभुवन मा. बि बटनपुर</td><td>ICT ल्याव स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>४</td><td>राष्टिय मा. बि. नारायणपुर</td><td>ICT ल्याव स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>५</td><td>नवदुर्गा आ. बि.ब्यावसाय क्षेत्र</td><td>ICT ल्याव स्थापना</td><td>६,५०,०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सशर्त अनुदान (कृषि चालु)</td><td></td></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>उन्नत वीउ वितरण कार्यक्रमः गुणस्तरीय बीउ विजनमा कृषकको पहुँच बृद्धि गरी बीउ बिजन आपुर्ति प्रणालीलाई सदृढ गर्ने तथा कृषकालाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्धार प्रणाली मार्फत् व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद-४ मा उन्नत बीउ बिजनको प्रयोगमा ५०% अनुदान कार्यक्रम सम्बन्धी व्यवस्था गरेको छ। निर्देशिका अनुसार उन्नत बीउ बिजन वितरक तथा अनुदान प्राप्त गर्न चाहने दुबै पक्षले विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डिजिटल इनेबल्ड सीड म्यानेजमेन्ट सिस्टम- डेसिस (DESES)) प्रणालीमा आबद्ध भई खरिद तथा वितरण प्रकृया सम्पन्न गर्नु पर्ने हुन्छ। साथै प्रणालिले यकिन गरेको बीउबिजन मात्र खरिद गर्नु पर्ने हुन्छ। पालिकाले डेसिस प्रणाली भन्दा वाहिर रही नियमित खरिद प्रकृया बमोजिम देहायबमोजिम विउ खरिद गरेको देखिन्छः</td><td>२,६६१,००४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्रम</td><td>खरिद गरिएको विउ</td><td>रकम</td></tr>
<tr><td>१</td><td>सर्जु ५२ प्रजातिको धानको बीउ</td><td>९,९६,३७९</td></tr>
<tr><td>२</td><td>गहुँको विउ</td><td>१४,२४,६२५</td></tr>
<tr><td>३</td><td>मकैको विउ</td><td>२,४०,०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२६,६१,००४</td></tr>
</table>
पालिकाले निर्देशिकाले तय गरेको विधिभन्दा वाहिर गई खरिद तथा वितरण प्रकृया पुरा गरेको कारण नियमसम्मत मान्न नसिकने रकम रु.
</td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>
पकेट कार्यक्रमः कृषि/पशुपन्छी/मत्स्य उत्पादन सामाग्रीको व्यवस्था, प्राविधिक सेवा प्रवाह र नवीनतम कृषि प्रविधिको प्रसारबाट कृषि/पशुपन्छी/मत्स्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले स्थानीय तहहरुमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम कार्यान्वयमा छ। प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ ले पकेट कार्यक्रमा दिने अनुदान प्रकृया, अनुगमन तथा प्रतिवेदन सम्बन्धी विविध व्यवस्था गरेको छ। पालिकाले पकेट विकास कार्यक्रमको निरन्तरता र नयाँ पकेट गरि देहायका पकेट कार्यक्रम सञ्चालन गरेको देखिन्छः
<table>
<tr><td>क्रम</td><td>पकेट क्षेत्र</td><td>अनुदान रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>गहुँ पकेट कार्यक्रम</td><td>५,९९,०९०</td><td>निरन्तरता</td></tr>
<tr><td>२</td><td>तरकारी पकेट कार्यक्रम</td><td>५,३८,७२७</td><td>निरन्तरता</td></tr>
<tr><td>३</td><td>भैंसी पकेट कार्यक्रम</td><td>९,८३,७७०</td><td>निरन्तरता</td></tr>
<tr><td>४</td><td>केरा पकेट कार्यक्रम</td><td>११,७२,९१३</td><td>नयाँ</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | म्यानुअल अनुसार लाभग्राहिद्धारा पकेट कार्यक्रम सम्पन्न भएपछी पालिकाबाट अनुगमन गरि प्राविधिक मुल्याङ्कान पछी विलभरपाईको आधारमा अनुदान भुक्तानी गर्नुपर्नेमा पालिकाद्धारा आफै सामाग्रि खरिद गरेको देखिन्छ। साथै अनुदानलाई प्रतिस्पर्धी हुने गरी म्यानुअल बमोजिम अन्य प्रकृयाहरु पनि पुरा गरेको देखिन्न। अतः पकेट कार्यक्रम सञ्चालन गर्दा पालिकाले म्यानुअल बमोजिक प्रकृया पुरा गरि सम्पन्न गर्नु पर्दछ। | |
| १७.३ | | २०७९-१०-१५ | **किसान सूचीकरण कार्यक्रम**: किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराईने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसानहरुको आवश्यक विवरण विद्युतीय प्रणाली मार्फत संकलन गर्ने उद्देश्यले किसान सूचीकरण कार्यक्रम कार्यान्वयनमा छ। किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ को अनुसूची १(घ) मा यस कार्यक्रमका लागि स्थानीय तहका १२ वटा भुमिका उल्लेख गरिएको छ। पालिकाले उल्लेखित कुनै पनि भुमिका पुरा नगरेको तर किसान सूचीकरण कार्यक्रमको लागि भनि रु. २,९८,३२० बराबरको दुई ल्यापटप र एक प्रिन्टर खरिद गरि अन्य प्रयोजनमा प्रयोग गरेको पाईयो। पालिकाले प्रयोजन अनुरुप खर्च गरि किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधिले तोकेका भुमिकाहरु पुरा गर्नु पर्दछ। | |
| १८ | २३६ | २०७९-३-२१ | **न्यानो झोला खरिद**<br><br>संस्थागत सुत्केरी संख्या वृद्धि गरी आमा तथा नवजात शिशु मृत्युलाई कम गर्न नेपाल सरकारले न्यानो झोला कार्यक्रमलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गर्दै आएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार यस शिर्षकमा व्यवस्था भएको बजेटबाट प्रसूतिका आधारमा अनुमान गरी समयमै खरीद गरी सुत्केरीलाई स्वास्थ्य संस्थामै उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले मिति २०७९।०३।१९ मा ५०० थान न्यानो झोला प्रति झोला रु. ७९५ का दरले रु. ४,४९,१७५ मा खरिद गरेको छ। पालिकाले मौज्दात यकिन नगरि, गुणस्तर परीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा झोलाहरु खरिद गरेको देखिन्छ। यसरी खरिद गरेका झोलाहरु लेखापरीक्षण गरेको समयसम्म पनि वितरण नभई पालिकामै मौज्दात रहेको छ। आवश्यकता नपरी खरिद गर्दा धेरै समयसम्म भण्डार गर्नु पर्ने भएकाले यसको गुणस्तरमा कमी आउने, विभिन्न कारणले विग्रिने, नष्ट हुने लगायतका जोखिम रहन्छ। अतः पालिकाले खरिद गरेका झोलाहरुलाई स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसार वितरण गरी आगामी वर्ष खरिद गर्दा मौज्दात यकिन गरेर पालिकालाई आवश्यक भएमा वा आवश्यक संख्या मात्र खरिद गर्नु पर्दछ। | |
| १९ | | | **क्षयरोग मुक्त नेपाल घोषणा अभियान** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा गहन रुपमा क्षयरोग पहिचान, निदान, रोकथाम, उपचार, हेरचाह तथा सहयोग सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी सन् २०५० भित्रमा क्षयरोगलाई प्रति दश लाख जनसंख्यामा एक जना भन्दा कममा ल्याउने नेपाल सरकारले क्षयरोग मुक्त नेपाल अभियानलाई सहयोग पुर्याउने उद्देश्य राखेर यो कार्यक्रम यस आर्थिक वर्षबाट कार्यान्वयनमा आएको छ। नेपालका २४ वटा स्थानीय तहहरुमा मात्र कार्यान्वयनमा आएको यस कार्यक्रम अन्तर्गत टीकापुर नगरपालिकालाई रु ५५,३२,००० बजेट विनियोजन भएकोमा पालिकाले विभिन्न क्रियाकलापहर सञ्चालन गरि रु १६२०५९९ खर्च गरेको छ । क्षयरोग मुक्त नेपाल घोषणा अभियान सञ्चालन निर्देशिका २०७८ र टीकापुर नगरपालिकामा कार्यान्वयन गरिने क्रियाकलापहरु र सो क्रियाकलापहरुको लागि विनियोजन गरिएको बजेटलाई आधार मानि लेखापरीक्षण गर्दा देखिएका वेरुजु निम्नबमोजिम छन्। | |
| १९.१ | | | **कर्मचारीको नियुक्तीः** यस कार्यक्रमका लागि TB-Coordinator को रुपमा एक जना कर्मचारी नियुक्ती गर्न सक्ने व्यवस्था छ। पालिकाले परीक्षा अन्तरवार्ता लगायतका छनौटका विधिहरु पुरा नगरी विना प्रतिस्पर्धा TB-Coordinator लाई नियुक्त गरेको देखिन्छ। प्रतिस्पर्धात्म विधिबाट छनौट नगरिदा योग्यतामा प्रश्न आउने भएकाले पालिकाले विधिसम्मत कर्मचारी नियुक्ती गर्नु पर्दछ। | |
| १९.२ | | | **माईक्रोस्कोपिक क्याम्पः** यस क्रियाकलाप अन्तर्गत पालिकाले बर्षको तीत पटक पालिका भित्र रहेका क्षयरोगका सम्भावित विरामिहरु पहिचान गर्न हरेक वडामा २ स्वयंसेवकहरु ३ दिनसम्म परिचालन गर्नु पर्ने हुन्छ। साथै हरेक स्वयंसेवकहरुलाई दिनको १,००० भत्ता दिनु पर्ने व्यवस्था रहेको छ। तर पालिकाले प्राविधिक कर्मचारी तथा अन्य सहयोगीहरु, अनुगमन सुपरिवेक्षण मसलन्द लगायत अन्य प्रयोजनमा पनि खर्च गरेको छ। त्यस्तै स्वयंसेवकलाई प्रतिदिन ५०० मात्र भत्ता दिएको देखिन्छ। अतः स्वयंसेवक भत्तामा भएको खर्च भन्दा वाहिरका अन्य प्रयोजनमा भएका खर्चहरुको नियमसम्मत मान्न सकिन्न। यसरी अनियमित भएको रकम रु. | ५७,८०० |
| १९.३ | | | **स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन भत्ताः** क्षयरोग मुक्त अभियानमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन स्वरुप प्रतिमहिना रु. ४,००० दरले कार्यक्रम सञ्चालन अवधिभरि भुक्तानी गर्ने व्यवस्था गरिएको छ। यसमा पालिकाले रु. ९६,००० खर्च गर्न सक्ने छ। तर पालिकाले स्वास्थ्यकर्मीहरुलाई सो वापतको भुक्तानी नगरी स्वास्थ्य संस्थामा Registration Triage विकास गर्न अभिमूखीकरण गोष्ठी कार्यक्रम सञ्चालन गरि रु. ६४,४५० खर्च लेखिएको छ। यसरी प्रोत्साहनमा खर्च गर्नुपर्ने रकम अन्य प्रयोजनमा खर्च गरिएको नियमसम्मत नदेखिएको रु | ६४,४५० |
| १९.४ | | | **TB स्क्रिनिङ्ग क्याम्पः** क्षयरोगका सम्भावित विरामिहरु पहिचान गर्न पालिकाले १० जना स्वयंसेवकहरुलाई ३ दिनसम्म समुदायमा परिचालन गर्नुपर्ने व्यवस्था छ। यस्ता स्वयंसेवकहरुलाई यातायात खर्च र खाजा खर्च गरि प्रति दिन १२०० भत्ता दिनुपर्ने व्यवस्था छ। साथै यो क्रियाकलाप बर्षको २ पटक सञ्चालन गर्नु पर्ने हुन्छ। यसका लागि पालिकालाई रु. १,०८,००० विनियोजन गरिएको | ७२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ। पालिकाले एकपटक मात्र क्याम्प सञ्चालन गरि सबै विनियोजित रकम खर्च गरि स्वयंसेवकहरुलाई दिनको ५०० मात्र भुक्तानी गरि बाँकी रकम अन्य प्रयोजनमा खर्च गरेको नियमसम्मत नदेखिएको रकम रु | |
| १९.५ | | | **विद्यालय नर्सहरुको अभिमुखीकरणः** पालिकाले विद्यालयमा कार्यरत नर्सहरुको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र नर्सहरुले प्रत्येक शुक्रबार विद्यालयमा कक्षा सञ्चालन गर्नुपर्ने व्यस्था छ।तर पालिकाले शिक्षकहरुलाई अभिमुखीकरण तालिम प्रदान गरेको छ।साथै शिक्षकहरुले कक्षा सञ्चालन गरेको समेत भुक्तानी गरेको देखिन्छ। यसरी नर्सहरुको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेमा सो नगरी अन्य विषयमाम खर्च गरेको नियमसम्मत नदेखिएको रकम रु, | २८,०५० |
| १९.६ | | | **कार्यक्रमको कार्यान्वयको अवस्थाः** पालिकाले कार्यक्रम क्रमबद्धरुपमा सम्पन्न गरेको छैन्। कार्याक्रम कार्यान्वयन गर्न विस्तृत योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले योजनाका लागि आर्थिक वर्षको अन्त्यतिर मात्र कार्यक्रम गरेको देखिन्छ।यसका लागि पालिकाले वडा स्तरसम्म गोष्ठिहरु सञ्चालन गरि ४,३३,८५० खर्च गरेको भएपनि वनेको योजना पेश हुन सकेन। कार्यक्रम अन्तर्गत विभिन्न कृयाकलापहरु रहन्छन् र अन्तरसम्बन्धित हुन्छन्। सबै क्रियाकलापहरु सम्पन्न भएपछि मात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी सम्बन्धित अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिएको, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राखिएको, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका व्यहोरा देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रम सञ्चालन निर्देशिका र प्राप्त ब्रेकडाउन बमोजिम सम्पन्न गर्नु पर्दछ। | |
| २० | | | **सशर्त चालु (शिक्षा तर्फ)**<br><br>नेपालको संविधान, शिक्षा ऐन लगायत शिक्षासँग सम्वन्धित कानून, निर्देशिका, कार्यक्रहरुले शिक्षामा नागरिक समान पहुँचको सुनिश्चितता, शिक्षालाई बैज्ञानिक, व्यवहारिक, रोजगारमूलक तथा सीपमूलक बनाउदै सक्षम जनशक्ति तयार, शिक्षाको गुणस्तरीयतामा अभिवृद्धी लगायतका उद्देश्यहरु राखेका छन्। संविधानले माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई सुम्पिएको छ। तसर्थ शिक्षा क्षेत्रको विकास विस्तारमा पालिकाहरुको अहम् जिम्मेवारी रहेको हुँदा उनिहरुको क्षमता विकासका लागि नेपाल सरकारले सशर्त अनुदान मार्फत शिक्षा तर्फ वित्तीय हस्तान्तरण गर्दै आएको छ। यस्तो हस्तान्तरीत रकम सम्बन्धित स्थानीय तहले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामाग्री, छात्रवृत्ति, दिवा खाजा, परीक्षा सञ्चालनलगाएतका तोकिएका क्षेत्रमा शर्तमा रहि खर्च गर्नु पर्ने हुन्छ। यस पालिकाले आर्थिक बर्ष २०७८/०८९ मा सशर्त अनुदानमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | शिक्षा तर्फ गरेको खर्चका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| २०.१ | | | **एकमुष्ठ अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई बार्षिक रुपमा एकमुष्ठ रु. १० लाख दिने ब्यवस्था छ। त्यस्तो अनुदान सम्बन्धित विद्यालयले शिक्षकको पारिश्रमिक, कार्यालय सहयोगी, विद्यालय व्यवस्थापन, शैक्षिक सामाग्रि लगायतका विषयमा खर्च गर्नु पर्ने हुन्छ र उसले पालिकाबाट यस शिर्षकमा थप अन्य कुनै अनुदानहरु प्राप्त गर्ने छैन। पालिकाले ज्योति आधारभुत विद्यालय शिवनगरलाई सोहि प्रावधान अनुसार रु. १० लाख अनुदान दिएको छ। तर पालिकाले उक्त विद्यालयलाई आधारभुत र माध्यामिक तहमा स्विकृत दरबन्दि र अनुदानमा कार्यरत शिक्षकको तलब भत्ता शिर्षकबाट थप रु. १,१४,००० पनि भुक्तानी गरेको देखिन्छ। यसरी कार्यविधिभन्दा बाहिर खर्च गर्दा यस क्रियाकलाप अन्तर्गत रहेका अन्य कार्यक्रमहरुलाई बजेट अपुग हुन गई कार्यक्रमहरुको प्रभावकारीतामा नै असर पर्ने जोखिम रहन सक्छ। अतः पालिकाले यस्ता खर्चहरुलाई नियन्त्रण गर्दै उक्त बढी भुक्तानी हुन गएको रकम सम्वन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | ११४,००० |
| २०.२ | | | **शिक्षक दरबन्दी र पदपुर्तिः** शिक्षा नियमावली, २०५९ अनुसूची १२ मा विद्यालयमा रहनु पर्ने शिक्षक संख्या सम्बन्धी व्यवस्था गरेको छ। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले स्थानीय तहहरुले दरवन्दी मिलान गर्दा पुरा गर्नुपर्ने कार्यविधिका विषयहरु समेटेको छ। पालिकाले दिएको सामुदायिक विद्यालय शिक्षक विवरण अनुसार स्थायी १३१, राहात ९१ शिक्षक दरबन्दीहरु रहेकोमा स्थायीमा १३० र राहातमा ९१ शिक्षकहरुको पदपुर्ति भएको छ। त्यस्तै पालिकाले २७ शिक्षक करार र ६४ शिक्षकहरु निजि स्रोतमा नियुक्ती गरेको देखिन्छ। पालिकाले हालसम्म दरबन्दी मिलान गरेको देखिदैन। विद्यार्थि संख्या धेरै भएका केहि विद्यालयहरु दरबन्दी नै नरहेको, थोरै विद्यार्थी संख्या भएका विद्यालयहरुमा धेरै शिक्षकहरु रहेको छ भने केही विद्यालयमा विद्यार्थी संख्याका आधारमा आवश्यकता अनुसार शिक्षकको संख्या अपुग रहेको देखिन्छ। यसरी शिक्षक विद्यार्थीको अनुपात नमिल्दा शिक्षण सिकाईमा प्रभावकारीता नदेखिने, विद्यार्थीले विद्यालय छोड्ने दर बढ्ने, करार तथा अनुदानका शिक्षकको संख्या बढ्न गई पालिकालाई थप वित्तीय भार पर्ने जोखिम रहन सक्छ। अतः पालिकाले नियमावली तथा तथा कार्यविधि बमोजिम समयमै दरबन्दी मिलान गरी शिक्षकहरुको सन्तुलित व्यस्थापनद्धारा अध्ययन अध्यापनलाई नियमित गरिनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.३ | | | **विद्यार्थी संख्याको सत्यापनः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (EMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी EMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ। | |
| २०.४ | १०९ | २०७८-१२-२० | **सीमा भन्दा बढी खर्चः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन क्रियाकलाप अन्तर्गत छनौट भएको विद्यालयलाई बार्षिक रु. ६ लाख ५० हजार एकमुष्ठ अनुदान दिने व्यवस्था छ। प्राप्त अनुदानमा सम्बन्धित विद्यालयले २५% सम्म फर्निचरहरुमा र बाँकी बजेट लाइब्रेरीका लागि आवश्यक पुस्तकहरुको लागि खर्च गर्नु पर्ने व्यवस्था छ। पालिका यस कार्यक्रम अन्तर्गत श्री जनप्रकाश आधारभुत विद्यालयलाई अनुदान दिएको तर उक्त विद्यालयले फर्निचर खरिदमा अधिकतम रु. १,६२,५०० सम्म खर्च गर्नुपर्नेमा रु. २,९२,००० खर्च गरेको देखिन्छ। यसरी फर्निचरमा सीमा भन्दा वढी खर्च गर्दा आवश्यक पुस्तकहरु खरिदमा बजेट कमी भएको देखिन्छ। यसरी कार्यविधिले दिएको सीमा भन्दा बढी खर्च भएको रकमलाई नियमसम्मत मान्न नसकिएको रकम रु. | १२९,५०० |
| २०.५ | | | **वितरण भरपाई नभएकोः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं ७.२.१.१ अनुसार छात्रावासमा बसि अध्ययन गर्ने विद्यार्थीलाई सम्वन्धित विद्यालयले छात्रावासमा शिर्षकमा पाएको एकमुष्ठ रकमबाट छात्रावासमा रहेका विद्यार्थिलाई व्यक्तिगत सरसफाईको लागि आवश्यक पर्ने सामाग्रिहरुको खरिद गर्न प्रति विद्यार्थि मासिक रु. ५०० को दरले १० महिनाको जम्मा रु. ५,००० सम्बन्धित विद्यार्थथीको भरपाइ गराई नगद नै अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था गरेको छ। विद्यालयले त्यस्तो भरपाई पालिकामा उपलब्ध गराउनु पर्ने हुन्छ। कर्णाली मा.वि. सति विद्यालयमा रहेका १० कम्लारी मुक्त कमैया आवसीय विद्यार्थीहरुलाई दिएको रकमको वितरण भरपाई उपलब्ध नभएकाले प्रमाण पेश गर्नुपर्ने रकम रु. | ५०,००० |
| २०.६ | | | **अनुगमन र प्रतिवेदनः** अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ। सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ। | |
| २१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेको छ। साथै योजना कार्यान्वयन गर्दा प्रत्येक योजनामा योजना अवधिभरिका लागि मात्र एक रोजगार उपभोक्ता समिति रहने व्यवस्था छ। पालिकाले निर्देशिका विपरित वडामा सञ्चालित सबै योजनाहरुका लागि एउटा उपभोक्ता समिति गठन गरि योजना सञ्चालन गरेको देखिन्छ। त्यस्तै योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ। योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन। यस कार्यक्रम अन्तर्गत पालिका भित्रका ९ वडाहरुमा वडागत बजेट विनियोजनबाट कार्यक्रमहरु सञ्चालन गरी २४३ जनालाई रोजगारी उपलव्ध गराई औषत ९४.२५ दिन कार्य गराई रु. १३०२५७९१.७४ खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |
| २२ | | | **अनुदानतर्फ** | |
| २२.१ | | | **धानबालीको राहत वितरणः** नेपाल सरकारले किसानहरुको धानबालीमा भएको क्षतिको विवरण संकलन गरी धानबालीको क्षति अनुसार सुदूरपश्चिम प्रदेशको टिकापुर नगरपालिकाका प्रत्येक वडाका ६५३५ जनाका लागि जम्मा रु. २,१४,५८,९७२ निकासा भई रु. २,१४,५७,२३९.७१ कृषकहरुको बैङ्क खाता मार्फत् वितरण गरी बाँकी रु. १७३२.२९ कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>बडघरलाई साइकल तथा मोबाइल वितरणः पालिकाले देहाय बमोजिमका वडघरका लागि साइकल तथा मोबाइल वितरण गरेकोमा सम्बन्धित वडा कार्यालयले वडघर हुन वा होइन भनी यकीन गरी सिफारिस गरेको पाइएन । देहाय बमोजिम सम्बन्धित वडघरले मोबाइल तथा साइकल पाए नभएको सम्बन्धमा पालिकाले यकिन गर्नु पर्दछ ।<br>
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>वडा नं.</th><th>खर्च रु.</th></tr>
<tr><td rowspan="3">२५५।०७८।९।१३</td><td>मोबाइल थान ७</td><td>७</td><td>७७०००</td></tr>
<tr><td>साइकल थान ७</td><td>७</td><td>५६०००</td></tr>
<tr><td>साइकल थान ८</td><td>९</td><td>६४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,९७,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.३</td><td></td><td></td><td>मोबाइल तथा साइकल वितरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम मोबाइल तथा साइकल वितरणको कार्यक्रम राखि मोबाइल र साइकल खरिद गरि वितरण गरेको छ । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्ध के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।<br>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>वितरण सामाग्री</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१४८।०७८।८।२३</td><td>महिला स्वयंसेविकालाई साइकल वितरण कार्यक्रम वडा नं. ४</td><td>साइकल थान ८</td><td>७२०००</td></tr>
<tr><td>१७४।०७८।८।२४</td><td>चिराकी तथा स्वयंसेविकालाई साइलक वितरण कार्यक्रम वडा नं. ६</td><td>साइकल थान २४</td><td>१९४३७५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२११।०७८।८।२९</td><td>महिला स्वयंसेविकालाई साइकल वितरण कार्यक्रम वडा नं. १</td><td>साइकल थान ३७</td><td>३२३८२५</td></tr>
<tr><td>२३९।०७८।९।८</td><td>महिला स्वयंसेविका तथा चिराकीलाई साइकल वितरण कार्यक्रम वडा नं. ५</td><td>साइकल थान २६</td><td>२३३५७१</td></tr>
<tr><td rowspan="2">२५५।०७८।९।१३</td><td>वडघर तथा महिला स्वयं सेविकालाई साइकल वितरण कार्यक्रम वडा नं. ९ को लागि</td><td>साइकल थान १७</td><td>१३६०००</td></tr>
<tr><td>वडघर तथा महिला स्वयं सेविकालाई साइकल तथा मोबाइल वितरण कार्यक्रम वडा नं. ७ को लागि</td><td>साइकल थान २१ र मोबाइल थान ७</td><td>२४५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२,०४,७७१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.४</td><td></td><td></td><td>अनुदानबाट शिक्षकको तलब भत्ताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकालेस्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व बाँडफाँड शीर्षकबाट ६८ नीजि शिक्षकलाई रु. १,५५,५२,००० तलब भुक्तान गरेको पाइयो । सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा राजश्व बाँडफाँड शीर्षकबाट खर्च लेख्ने कार्य अनियमित देखिएको रु.</td><td>१५,५५२,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>कृषि तथा पशु कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>कृषि कार्यक्रममा आय आर्जन वृद्धि तथा घरायसी समस्या समाधान गर्ने प्रयोजनार्थ पालिकाले देहाय बमोजिम वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र लाभग्राही परिवारको छनौट भएको आधार स्पष्ट नभएको, वस्तुमा लागेको ट्याग, तौल र गुणस्तर परीक्षण नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।<br><table>
<tr><th>भौ.नं.र मिति</th><th>संख्या</th><th>वडा नं.</th><th>लाभग्राही</th><th>खर्च रु.</th><th>कैफियत</th></tr>
<tr><td>२३९।०७८।९।८</td><td>३८</td><td>५</td><td>३८</td><td>१९००००</td><td>बंगुर</td></tr>
<tr><td>२३९।०७८।९।८</td><td>१४</td><td>५</td><td>१४</td><td>१५००००</td><td>बाख्रा</td></tr>
<tr><td>२५५।०७८।९।१३</td><td>३७</td><td>७</td><td>३७</td><td>२२२०००</td><td>बंगुरको पाठा</td></tr>
<tr><td>३०९।०७८।९।२९</td><td>१८</td><td>२</td><td>१८</td><td>२१६०००</td><td>बाख्रा</td></tr>
<tr><td>३०९।०७८।९।२९</td><td>३७</td><td>२</td><td>३७</td><td>२२२०००</td><td>बंगुर</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०,००,०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.२</td><td>१४४</td><td>२०७८-८-२३</td><td>कृषि कार्यक्रम (५०।५० प्रतिशत) को लागि वडा नं. ७ र ९ का कृषकहरुलाई गहुँको विउ वितरण खरिद गरी वितरण गर्ने आय आर्जन वृद्धि तथा घरायसी समस्या समाधान गर्ने प्रयोजनार्थ पालिकाले रु. ५,००,००० अनुदान भुक्तानी दिने सम्झौता अनुसार विजय, आदित्य र गौतम जातका गहुँको बिउ सहकारी संस्थालाई अधिकतम २९ बोरा र न्युनतम २३ बोरा वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र सहकारी छनौटको आधार स्पष्ट नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>२३.३</td><td>२०६</td><td>२०७८-८-२८</td><td>कृषि कार्यक्रम (५०।५० प्रतिशत) को लागि वडा नं. ३ का कृषकहरुलाई गहुँको विउ वितरण खरिद गरी वितरण गर्ने आय आर्जन वृद्धि तथा घरायसी समस्या समाधान गर्ने प्रयोजनार्थ पालिकाले रु. २,२५,००० अनुदान भुक्तानी दिने सम्झौता अनुसार गहुँको बिउ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १५८ कृषकहरुलाई १।१ बोराको दरले वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |
| २३.४ | १०९७ | २०७९-३-२१ | कृषि कार्यक्रम (५०।५० प्रतिशत) को लागि वडा नं. ३ का कृषकहरुलाई धानको बिउ वितरण खरिद गरी वितरण गर्ने आय आर्जन वृद्धि तथा घरायसी समस्या समाधान गर्ने प्रयोजनार्थ पालिकाले रु. १,७५,००० अनुदान भुक्तानी दिने सम्झौता अनुसार धानको बिउ १६४ जना कृषकहरुलाई १।१ बोराको दरले वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |
| २३.५ | ३ | २०७८-८-२३ | **पशु कार्यक्रमतर्फः** पशु कार्यक्रमतर्फ पालिकाबाट १०० प्रतिशत निःशुल्क बार्मेस घाँसको बिउ र जौ घाँस वितरण गर्नका लागि कृषकको आय आर्जन वृद्धि तथा घरायसी समस्या समाधान गर्ने प्रयोजनार्थ पालिकाले रु. २,२५,००० अनुदान भुक्तानी दिने सम्झौता अनुसार जौ घाँसको १०५० के.जी. र बार्मेस बिउ ३०० के.जी. २ के.जी. देखि २५ के.जी. सम्म ७० जनालाई वितरण गरिएकोमा उक्त कार्यक्रममा वितरण गरेको भरपाई पेश गरेकोमा लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन । | |
| २४ | | | **चालुतर्फ** | |
| २४.१ | | | **कर्मचारी कल्याण कोषः**– पालिकाले यस वर्ष राजश्व बाँडफाँडबाट कर्मचारी कल्याण कोषमा भौ.नं. ५८६ बाट १ महिनाको तलब बराबर रु. १४,७५,७६० ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले कार्यविधि बेगर कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको नियम सम्मत नदेखिएको रु. | १,४७५,७६० |
| २४.२ | | | **घर भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दररेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा बापत रु. ६,१०,५०० भुक्तानी गरेको देखियो । घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दररेटको आधारमा मात्र लिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.३ | | | **छाडा चौपाय तथा काञ्जी हाउसः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा हेरालु ज्याला, हेरालुलाई खाजा खर्च, पशु चौपायलाई पराल खरिद, गाई वस्तुको लागि औषधि खरिद तथा अन्य व्यवस्थापनको लागि रु. १३,६४,५६० खर्च गरेको छ। यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा ज्याला, औषधि, पराल खरिद तथा गाई व्यवस्थापनमा भएको छ। पालिका अन्तर्गत सञ्चालित काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा उक्त काञ्जि हाउसबाट संकलित पशु मल, दुधजन्य सामाग्री विक्रि गरि आय आर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिंदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आय आर्जन गर्नेतर्फ जोड दिनु तथा काञ्जी हाउस व्यस्थापन गरेपछि छाडा चौपाय नियन्त्रण भयो भएन सो को अनुगमन गरी प्रतिवेदन समेत पेश गर्नुपर्दछ। | |
| २४.४ | | | **परामर्श सेवाः—** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस्तो कार्य गराउँदा लागत अनुमान बेगर नै सम्झौता गरी रु. ५०,४०,००० पालिकाले खर्च गरेको छ । पालिकाबाट अनुगमन समेत नभएको अवस्थामा परामर्शदाताको कार्यको प्रभावकारिता वारे यकीन गर्न सकिएन । लागत अनुमान भरपर्दो पाईएन। जति बजेट त्यतिनै लागत अनुमान तयार गरेको, प्रतिवेदन कार्यान्वयन हुनुपर्दछ। प्रतिवेदन सम्पत्तीको रुपमा अभिलेखीकरण हुनुपर्दछ। योजनाको लागत कति थियो खुलाउने, कार्यालयको जनशक्ति प्रयोग गरी उक्त कार्यहरु गराउने प्रयास गर्नुपर्दछ। | |
| २४.५ | | | **प्रति विद्यार्थी लागत अनुदान (सञ्चालन तथा व्यवस्थानप अनुदान)** पालिकाले सामूदायिक विद्यालय सञ्चालन तथा विद्यालयका नीजि शिक्षक र कर्मचारी व्यवस्थापन अनुदान कार्यविधि, २०७७ अनुसार ३५ विद्यालयलाई कक्षा १ देखि ५ सम्मको ४७१३ जनालाई रु. ६०० को दरले रु. २८,२७,८०० तथा कक्षा ६ देखि ८ सम्मको ३३४८ जनालाई रु. ८०० को दरले रु. २६,७८,४०० गरी जम्मा रु. ५५,०६,२०० प्रति विद्यार्थी लागत अनुदान विद्यालयको खातामा निकासा गरेको छ । यस्तो अनुदान शसर्त चालुबाट पनि विद्यालयमा निकासा भएकोले पालिकाले यसरी राजश्व बाँडफाँडबाट अनुदान निकासा गर्दा दोहोरो, बढी तथा फरक नपर्ने गरी निकासा गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.६</td><td></td><td></td><td>अनुगमन भत्ताः- पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । त्यस्तै कर्मचारीलाई पनि कार्यालयको कामको सिलसिला कार्यालय बाहिर जानु परेमा भ्रमण आदेश स्वीकृत गरि जानु पर्ने र सोहि अनुसार भ्रमण भत्ता उपलब्ध गराउनु पर्दछ । पालिकाले ऐनमा व्यवस्था पनि नभएको तथा सवैलाई कार्यक्रम अनुगमन गरेको भनि अनुगमन भत्ता बापत रु. १५,०३,००० भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको अनुगमन भत्तालाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>भौ नं.</th><th>कार्यक्रम</th><th>कार्यक्रम गर्ने</th><th>भुक्तानी लिने</th><th>रकम रु.</th></tr>
<tr><td>२५७।०७८।९।१३</td><td>आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन</td><td>मोहन सिंह साउद</td><td>पालिकाका १५ जना कर्मचारी तथा पदाधिकारीहरु १५ दिनसम्मको</td><td>१७७०००</td></tr>
<tr><td>३००।०७८।९।२८</td><td>योजना अनुगमन समितिको भत्ता</td><td>मोहन सिंह साउद</td><td>पालिकाका २० जना पदाधिकारी तथा कर्मचारीहरु १५ दिनसम्मको</td><td>१८३०००</td></tr>
<tr><td>६२४।०७८।१२।२४</td><td>योजना अनुगमन समितिको भत्ता</td><td>मोहन सिंह साउद</td><td>पालिकाका २८ जना पदाधिकारी तथा कर्मचारीहरु २८ दिनसम्मको</td><td>३९१५००</td></tr>
<tr><td>७८०।०७९।२।१०</td><td>योजना तथा अनुगमन मूल्याङ्कन</td><td></td><td>पालिकाका १५ जना पदाधिकारी</td><td>१०३५००</td></tr>
</table></td><td>१,५०३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>समितिको अनुगमन भत्ता</td><td></td><td>तथा कर्मचारीहरु ९ दिनसम्मको</td><td></td></tr>
<tr><td>७९९।०७९।२।१२</td><td>योजना तथा अनुगमन मूल्याङ्कन समितिको अनुगमन भत्ता</td><td></td><td>पालिकाका ७ जना पदाधिकारी तथा कर्मचारीहरु ११ दिनसम्मको</td><td>५६०००</td></tr>
<tr><td>९९४।०७९।३।१६</td><td>योजना अनुगमन भत्ता</td><td></td><td>वडा नं.६ का १० पदाधिकारीहरु तथा कर्मचारीहरु ११ दिनको</td><td>७००००</td></tr>
<tr><td>११०६।०७९।३।२१</td><td>योजना अनुगमन भत्ता</td><td></td><td>पालिकाका ७ जना कर्मचारी तथा पदाधिकारीहरु ९ दिनको</td><td>६३०००</td></tr>
<tr><td>१२०४।०७९।३।२५</td><td>योजना अनुगमन तथा मूल्याङ्कन</td><td></td><td>पालिका २० जना कर्मचारी ३१ दिनसम्मको</td><td>४५९०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५,०३,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.७</td><td></td><td></td><td>सफ्टवेयर खरिदः- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु. ९,९५,७९५ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ ।
<table>
<tr><th>सफ्टवेयरको नाम</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td>शिक्षा सफ्टवेयर</td><td>कार्यालय प्रयोजन</td><td>496335</td></tr>
<tr><td>पेरुल म्यानेजमेन्ट सफ्टवेयर</td><td>कार्यालय प्रयोजन</td><td>499460</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९,९५,७९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.८</td><td></td><td></td><td>प्रशिक्षक भत्ताः अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को ७.१.१५ को ४ (क) बमोजिम अधिकृतस्तरको तालिममा बाह्य प्रशिक्षकलाई प्रति सेसन बाचन बापत भत्ता रु. १४०० तथा कार्यपत्र बापत रु. २००० को दरले थप भत्ता तथा सहायकस्तरको तालिमको लागि प्रशिक्षकलाई बाचन बापत रु. ७०० तथा कार्यपत्र बापत रु. ८०० थप भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपत्र बेगर प्रति सेसन बाह्य अधिकृतस्तर प्रशिक्षकलाई रु. १८०० तथा सहायकस्तरको प्रशिक्षकलाई रु. १५०० तथा रु. १३०० को दरले देहाय बमोजिम भुक्तानी गरेको पाइयो । निर्देशिका विपरीत तालीमका लागि भुक्तानी भएको बढी रकम रु. १७,१०० सम्बन्धित प्रशिक्षकबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>प्रशिक्षक</th><th>सेसन/कक्षा</th><th>कर कट्टी गरि भुक्तानी दिनुपर्ने रु.</th><th>कर कट्टी गरि भुक्तानी भएको रु.</th><th>असूल गर्नुपर्ने रु.</th><th>कैफियत</th></tr>
<tr><td colspan="7">नगरपालिका चालु</td></tr>
<tr><td>१</td><td>आशा कुमारी चौधरी</td><td></td><td>२१२५०</td><td>२४७५०</td><td>३५००</td><td>भौ.नं. ३३३।०७८।१०।१२</td></tr>
</table>
</td><td>१७,१००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>नन्द बहादुर के.सी.</td><td>६</td><td></td><td></td><td>५१००</td><td rowspan="2">भौ.नं. ९८० को कार्यपत्रबाट बढी भुक्तानी</td></tr>
<tr><td>३</td><td>छबीलाल जैसी</td><td>२</td><td></td><td></td><td>१७००</td></tr>
<tr><td colspan="7">कृषि चालु</td></tr>
<tr><td>४</td><td>केशव भट्ट (प्रा.स.)</td><td>४</td><td>३०२०</td><td>६४२०</td><td>३४००</td><td rowspan="2">भौ.नं. ४ बाट भुक्तानी</td></tr>
<tr><td>५</td><td>अनिता चौधरी (ना.प्र.स.)</td><td>४</td><td>३०२०</td><td>६४२०</td><td>३४००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१७,१००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.९</td><td></td><td></td><td>प्रतिवेदन खर्चः अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७.१.१५ को बुँदा नं. १५ बमोजिम प्रतिवेदन तयार गर्दा १ दिन कार्यक्रममा रु. १००० तथा १ दिन भन्दा बढीको भए रु. ५०० थप गरी जम्मा रु. १५०० भुक्तानी दिन सकिने व्यवस्था छ । तर पालिकाका देहाय बमोजिम रु. ११,००० सम्म प्रतिवेदन लेखन बापत एउटा कार्यक्रमको भुक्तानी दिएकोले जम्मा कर कट्टि पछि बढी भुक्तानी रु. ८०७५ असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>कर कट्टि पछि बढी भुक्तानी असूल गर्नुपर्ने रु.</th><th>कैफियत</th><th></th></tr>
<tr><td>१</td><td>११०८।०७९।३।२१</td><td>दिला कुमारी जोशी</td><td>८०७५</td><td>कार्यक्रम खर्च</td><td></td></tr>
</table>
</td><td>८,०७५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.१० | | | **दुर्गम भत्ताः** निजामति सेवा ऐन, २०४९ अनुसार दुर्गम जिल्लाको वर्गिकरणमा कैलालीमा पर्दैन । ऐनले तोकेको सेवा भन्दा अन्य सेवाको कर्मचारीलाई रासन भत्ता भुक्तानी गर्न मिल्दैंन् । पालिकाले सुचना प्रविधि अधिकृत श्री चित्रराज उपाध्यायलाई देहायको रु. २५००। को दरले १२ महिनाको जम्मा रु. ३००००। भुक्तानी गरेको पाइयो । ऐन विपरीत १२ महिनाको भुक्तानी भएको भत्ता सम्बन्धितबाट रु. ३०,०००। असुल हुनुपर्ने रु. | ३०,००० |
| २४.११ | | | **बालबालिकालाई कम्प्युटर तालिमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । बालबालिकाहरुलाई कम्प्युटर तालिम संचालन कार्यक्रम वडा नं. ६ को लागि १० महिने कम्प्युटर तालिम मा रु. १,७०,२३७ भुक्तानी भएको उक्त तालिम सञ्चालन तथा सम्पन्न प्रतिवेदन पेश भएको छैन् । जसबाट तालिम अवधि कति रहेको एकिन हुन सक्दैंन । तालीमको हाजिरी, पाठ्यक्रम, प्रमाणपत्र वितरण तथा अनुगमन समेत नभएको उक्त तालीम कार्यक्रम कति अवधि सञ्चालन भएको हो तालिम पुरा सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने रु. | |
| २४.१२ | | | **जनतासँग मेयर उपमेयर कार्यक्रमः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले जनतासँग मेयर उपमेयर कार्यक्रमको कुनै मापदण्ड तथा कार्यविधि नै तयार नगरी कार्यपालिकाले भैपरि आउने खर्च जस्तै पालिकाको पटके निर्णयको आधारमा रु. १७,२९,६०८ खर्च लेखेको छ । कार्यपालिकाको पटके निर्णयबाट रकम खर्च गर्ने खालका कार्यक्रम नगरी कार्यविधि र मापदण्डको तयार गरि सोही अनुसार खर्च गर्ने परिपाटी निर्माण गर्नु पर्दछ। केहि उदाहरण देहाय बमोजिम छन्<br><table><tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>रकम रु.</th><th>सामाग्री प्रकार</th></tr><tr><td>१०</td><td>जालवा देवी सेवा समिति टिकापुर</td><td>१०००००</td><td>तारजाली लगाउने काम</td></tr><tr><td>११</td><td>रेडियो नमस्ते एफ.एम.को पश्चिम पट्टिको खुल्ला मैदानको प्राङ्गणमा</td><td>९८९०३</td><td>ग्राभेल राख्ने कार्य</td></tr><tr><td>१३</td><td>ब्लक नं. १० पुष्प रावलको घरदेखि तिलक न्यौपानेको घरसम्म</td><td>९९८५३</td><td>ग्राभेल कार्य</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५</td><td>पुष्प रावलको घरदेखि तिलक न्यौपानेको घरसम्म</td><td>९९८५३</td><td>माटो पटानी तथा ग्राभेल निर्माण कार्य</td></tr>
<tr><td>२९</td><td>वडा नं.१ ब्लक नं. ११ मालिका टोलको सडक मर्मत कार्य</td><td>९७५१७</td><td>मसिनो ग्राबेलको पटानी</td></tr>
<tr><td rowspan="2">३२</td><td>बटनपुर स्थित खानेपानी टंकी परिसरमा</td><td>३०९५४५</td><td>माटो पटानी कार्य आयोजना</td></tr>
<tr><td>तरकारी खेतीका लागि टनेल निर्माण</td><td>३३३०००</td><td>टनेल निर्माण</td></tr>
<tr><td>१०३</td><td>पोषण कार्यक्रम सञ्चालन</td><td>९३९७३</td><td>पोषण सम्बन्धी</td></tr>
<tr><td>५८५</td><td>जालवा देवी सेवा समिति, टिकापुर</td><td>९९२९३</td><td>पूजा सामाग्री खरिद</td></tr>
<tr><td>६११</td><td>डोङ्गपुर स्थित सार्वजनिक स्थलमा पिपल चौतारो निर्माण उ.स.</td><td>१०००००</td><td>चौतारो निर्माण</td></tr>
<tr><td>६४१</td><td>भानुभक्त रा.आ.वि. खक्रौल</td><td>९८६७१</td><td>अनुदान सहयोग</td></tr>
<tr><td>७२१</td><td>साइकल वितरण कार्यक्रम</td><td>९९०००</td><td>साइकल वितरण कार्यक्रम</td></tr>
<tr><td>८४१</td><td>तुलसी महिला कृषक समूह</td><td>१०००००</td><td>फर्निचर सामाग्री खरिद</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७,२९,६०८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.१३</td><td></td><td></td><td>मेयर प्राविधिक शिक्षा कार्यक्रमः- टिकापुर नगरपालिकाको मेयर प्राविधिक छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद-३ अनुसार छात्रवृत्तिको लागि सुचना प्रकाशन गर्ने, आवेदन संकलन गर्ने, छनौट आधार अंक सहितको योग्यताक्रम तयार गर्ने प्रदान गर्ने र योग्यताक्रमको आधारमा छात्रावृत्ति सिफारिस समितिले विद्यार्थी छनौट गर्ने उल्लेख छ । पालिकाले उक्त कार्यक्रममा ४० जना</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यार्थीको लागि ७ दिने सुचना प्रकाशन गरेकोमा ४० जना को निवेदन परेको देखिएको भनि अन्य प्रक्रिया नै पूरा नगरी सोझै ४० जनालाई रु. २५,०००.० का दरले रु. १०,००,०००.० छात्रावृत्ति वितरण गरेको छ । प्राप्त निवेदन अनुसार सवै विद्यार्थी छात्रावृत्ति प्राप्त गर्न योग्य हुन वा होइन भन्न सम्बन्धमा छानविन गरेको देखिएन । अतः आवश्यक भन्दा कम निवेदन परेता पनि निवेदक तोकिएको मापदण्ड अनुसार छात्रावृत्ति प्राप्त गर्न योग्य हो वा होइन एकिन गरेर मात्र छात्रावृत्ति रकम वितरण गर्नु पर्दछ । | |
| २४.१४ | | | **तालिम कार्यक्रमः** कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको लाभ लागत, त्यसबाट प्राप्त हुने उपलब्धि सम्मको विश्लेषण गरी खर्च गर्नु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम तालिम कार्यक्रम सञ्चालन गरि खर्च लेखेको छ । तालिम प्रदान गरिएका युवाहरुको विवरण अभिलेखवद्ध गरेको पाइएन। जसवाट तालिम प्राप्त युवा मध्ये के कति युवाले प्राप्त तालिमको उपलब्धि स्वरुप व्यावसायिक क्रियाकलाप सञ्चालन गरेको विवरण पालिका रहेको देखिंदैन । वर्षेनी युवालाई तालिमको प्रदान गर्ने तर युवाहरु व्यावसायकि नहुँदा युवाहरुमा उद्यमशिलता सिर्जना नहुने साथै पालिकाले पनि दोहोऱ्याएर पुनः तालिममा खर्च गर्नुपर्ने देखिन्छ । तसर्थ, पालिकाबाट प्रदान गरिने तालिमलाई युवाहरुको व्यावसायिक क्षमता विकास र उद्यमशिलता विकासका कार्यमा जोड्ने तथा तालिम प्राप्त व्यक्तिको अभिलेखिकरण गरी स्पष्ट छनौटको आधार पेश गर्नु पर्दछ । | |

| भौ.नं. | तालिमको नाम | संख्या | रकम रु. |
|---|---|---|---|
| २२५ | हलुका सवारी चालक तालिम कार्यक्रम | २२ जना | ३००००० |
| ५८७ | बि.बि.एस. कक्षामा अध्ययनरत विद्यार्थीहरुलाई कर, भ्याट तथा अडिट सम्बन्धी अनलाइन तालीम | | ११२०७० |
| ६३० | गुडिया बनाउने तालीम | २१ | १२५००० |
| | जम्मा | | ५,३७,०७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.१५ | | | **वडातर्फबाट विद्यालयलाई अनुदानः** विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुनः वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा संघिय शसर्त अनुदानको रुपमा प्रति विद्यार्थी लागत आधारमा र पालिकाले एकमुष्ट प्रति विद्यार्थी अनुदानको रुपमा विद्यालय व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा पुनः विद्यालय व्यवस्थापनका लागि वडातर्फका कार्यक्रममा वजेट विनियोजन गरि देहाय बमोजिम अनुदान उपलब्ध गराएको छ । यसरी एउटै प्रकारको अनुदानमा फरक फरक कार्यक्रम मार्फत् अनुदान उपलब्ध गराउँदा क्रियकलापमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन् । वडा कार्यालयबाट बजेट विनियोजन गरि विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम अनियमित देखिएको रु. | ६२०,००० |

| भौ.नं. | वडा नं. | विद्यालय | कार्यक्रम | रकम | उपलब्धि |
|---|---|---|---|---|---|
| १७७ | ९ | भानुभक्त रा.आ.वि.खक्रौला | अन्य खर्च | १००००० | सामाग्री खरीद |
| १७९ | ९ | सेती माया चौधरी मा.वि. | अन्य खर्च | १००००० | सामाग्री खरीद |
| १९५ | ७ | जनता रा.मा.वि.सुनहाफाँटा | अन्य खर्च | १२०००० | सामाग्री खरीद |
| ३९७ | १ | कर्णाली मा.वि. | शिक्षक व्यवस्थापन | १५०००० | अनुदान सहायता |
| ६२८ | ३ | हिमालय मा.वि. | खेलकुद कार्यक्रम | १५०००० | अनुदान सहायता |
| जम्मा | | | | ६,२०,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.१६ | | | **जिन्सी दाखिला :** आर्थिक कार्यविध तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरणर मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दनी बाधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयलेआर्थिक बर्ष २०७८।७९ मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूको बिवरणमा स्पेसिफिकेशन उल्लेख गरेको देखिएन । यसरी स्फेसिफिकेशन बेगर जिन्सी खातामा आम्दानी जनाएका समानको पूर्ण बिवरण खुल्ने अवस्था देखिएन । अतः नगरपालिका कार्यालयले जिन्सी दाखिला गर्दा मुल्यमा सम्पत्ति तथा समानको स्पेसिफिकेशन सहितको बिवरण खुलाई जिन्सी कितावमा आम्दानी जनाउनु पर्दछ ।केही उदाहरण निम्न छनः
<table>
<tr><th>भौ.नं.र मिति</th><th>समानको नाम</th><th>मुल्य</th><th>कैफियत</th></tr>
<tr><td>५।०७८।४।२९</td><td>ल्याप्टप थान १</td><td>१६५०००</td><td>स्पेसिफिकेशन खुलाएको पाइएन ।</td></tr>
<tr><td>८५७।०७९।२।२४</td><td>अल्ट्रा साउण्ड मेसिन थान १</td><td>६९८५००</td><td>स्पेसिफिकेशन सहितको दाखिला भएको पाइएन ।</td></tr>
<tr><td>९९८।०७९।३।१७</td><td>चफ कट्टर मेसिन</td><td>८५८०००</td><td>स्पेसिफिकेशन सहितको दाखिला भएको पाइएन ।</td></tr>
<tr><td>१००१।०७९।३।१७</td><td>एसि थान २, ल्यापटप थान १ र प्रजेक्टर थान १</td><td>३५०३००</td><td>स्पेसिफिकेशन सहितको दाखिला भएको पाइएन ।</td></tr>
<tr><td>१०६३।०७९।३।२०</td><td>मोटरसाइकल थान १</td><td>३५४३००</td><td>स्पेसिफिकेशन सहितको दाखिला भएको पाइएन ।</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.१७</td><td></td><td></td><td>अन्य संस्थालाई भुक्तानीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । जसबाट अन्य संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका संस्थाको कार्यालय व्यवस्थापन खर्चमा रु. १९,०९,३४५ रकम भुक्तानी गरेको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन् । केहि उदाहरणहरु
<table>
<tr><th>सि.नं.</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम रु.</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३ | नारी शिल्पकला विकास केन्द्र | अनुदान सहयोग | १००००० |
| ५ | टिकापुर युवा क्लब | बिभिन्न सामाग्री | १००००० |
| ६ | सुदूरपश्चिम साहित्य समाज | सञ्चालन अनुदान | १००००० |
| ७ | इलाका प्रहरी कार्यालय, टिकापुर | सवारी मर्मत | ९७७४५ |
| ८ | टिकापुर जेसिस | फर्निचर तथा फिक्चर्स | १००००० |
| ९ | सनातन संस्कृति प्रतिष्ठान, टिकापुर | विविध सामाग्री | १००००० |
| १० | नेपाल रेडक्रस सोसाइटी | कार्यालय सञ्चालन | १५०००० |
| ११ | सुदूरपश्चिमाञ्चल मिडिया फाउन्डेशन | कार्यक्रम सञ्चालन | १००००० |
| १२ | पदम प्रकारेशवर महादेव मन्दिर संरक्षण समिति | संस्कृति कला संरक्षण | १५०००० |
| १३ | वृद्ध सेवा समिति | जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन | १००००० |
| १४ | सांस्कृतिक समाज टिकापुर | बिभिन्न सामाग्री | १५०००० |
| १५ | सृजनशील युवा समाज | खेलकुद प्रतियोगिता | ३००००० |
| १६ | कर्णाली सेवा समाज | फर्निचर सामाग्री | ३६१६०० |
| **जम्मा** | | | १९,०९,३४५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.१८</td><td></td><td></td><td>लागत अनुमान नभएको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय बमोजिम खरिद गरे बापत रु. १०,०२,५६७ भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन् ।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>७७७।०७९।२।९</td><td>निर्वाचन कार्यालयमा सिसि क्यामेरा जडान</td><td>५०७५६७</td></tr>
<tr><td>२</td><td>१०१५।०७९।३।१७</td><td>नगरपालिकाको प्रगति प्रतिवेदन सम्बन्धी बृत चित्र निर्माण</td><td>४९५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०,०२,५६७</td></tr>
</table>
लागत अनुमान बिना गरिएको खरिद कार्यले सार्वजनिक खरिदमा मितव्ययिता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्ध हुन सक्दैन। सार्वजनिक खरिद कानुन बमोजिम लागत अनुमान तयार गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२४.१९</td><td></td><td></td><td>प्रमाण कागजात बेगर भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२९४।०७८।९।२८</td><td>राम मनोरथ चौधरी</td><td>सुकुम्वासी तथा बाढी पीडितलाई बेतवासको कुर्ची,</td><td>२०००००</td><td>३० दिन तालीमको हाजिरी विवरण</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुद्धा बनाउने तालीम | | पेश भएको पाइएन । |
| २ | ३३९।०७८।१०।१३ | केशर बहादुर थापा | न्याय सम्पादन सम्बन्धी ३ दिने क्षमत्ता अधिवृद्धि तालीम तथा अन्तर्क्रिया कार्यक्रम | १२३८४६ | कार्यक्रमको लागत अनुमान सहितको नर्मस र प्रतिवेदन पेश भएको पाइएन। |
| ३ | ५८१।०७८।१२।२२ | अशोककुमार मिश्र | आयुर्वेद सम्बन्धी कार्यक्रम | १२७४७५ | कार्यक्रमको लागत अनुमान सहितको नर्मस पेश भएको पाइएन । |
| ४ | ६३३।०७८।१२।२५ | अनाथ असहाय छात्रवृति | उपमेयर अनाथ असहाय छात्रवृति कार्यक्रम | ९९६४०० | अनाथ असहाय बालबालिकाको अभिलेख पालिकासँग रहेको भएको पाइएन । |
| ५ | ६७३।०७९।१।७ | अशोक कुमार मिश्र | योग शिविर सञ्चालन | ९९०२० | कार्यक्रमको लागत अनुमान सहितको नर्मस |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पेश भएको पाइएन । |
| ६ | ७२९।०७९।१।१६ | ४० जनालाई | मेयर प्राविधिक शिक्षा छात्रवृति कार्यक्रम | १०००००० | विद्यार्थी छनौटको आधार पारदर्शी नभएको तथा २७ जनाको रकम खातामा गएको बैङ्क स्टेटमेन्ट पेश भएको पाइएन । |
| ७ | ७३९।०७९।१।२१ | निर्मला चौधरी | प्रदेश स्तरीय औषधी तथा मदिरा नियन्त्रण सम्बन्धी कार्यशाला गोष्ठी | ११४५२ | कार्यक्रमको लागत अनुमान सहितको नर्मस पेश भएको पाइएन । |
| ८ | १०५५।०७९।३।२० | टिकापुर अस्पताल | अक्सिजन पाइपलाइन जडान | १९८४७२१ | अनुदानको अनुगमन गरेको पाइएन । |
| ९ | ११२६।०७९।३।२३ | | जिविकोपार्जनका लागि व्यवसाय | ६१०७१२ | कार्यक्रमको अनुगमन तथा लाभग्राहीको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td>सञ्चालन कार्यक्रम</td><td></td><td>अभिलेख राखेको पाइएन ।</td></tr></table></td><td></td></tr>
<tr><td>२४.२०</td><td></td><td></td><td>वितरण भरपाईः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएकोले भरपाई रु. २,२३,९८४ को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.<br><table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>३०५।०७८।९।२९</td><td>जय प्रकाश आधारभूत विद्यालय</td><td>९८४४५</td><td>२२० थान स्वेटर वितरण गरेको भरपाई पेश भएको पाइएन ।</td></tr>
<tr><td>३११।०७८।९।२९</td><td>महिला स्वयं सेविकाहरुलाई दराज वितरण</td><td>११९९९९</td><td>८ थान दराज वितरण गरेको भरपाई पेश भएको पाइएन ।</td></tr>
<tr><td>१११७।०७९।३।२२</td><td>प्लाष्टिक कुर्सी वितरण</td><td>५५४०</td><td>१० पीस प्लाष्टिकको कुर्सीको भरपाई पेश भएको पाइएन ।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२,२३,९८४</td><td></td></tr>
</table></td><td>२२३,९८४</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>आन्तरिक आयतर्फ</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>आन्तरिक आम्दानीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले स्थानीय राजश्व परामर्श समितिले अनुमान गरेको दर र दायराको आधारमा करदातामैत्री र समतामैत्री कर प्रशसन लागु गर्नु पर्दछ । यस पालिकाको आर्थिक वर्ष २०७८।७९ मा राजश्वको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लक्ष्य रु. ६,७२,०५,५००।०० रहेकोमा रु ६,९४,०५,८६१.९८ राजश्व उठेको छ ।जुन लक्ष्यको १०३.२७ प्रतिशत रहेको छ। आन्तरिक राजश्व सम्बन्धमा निम्नानुसारका व्यहोरा देखिएका छनः | |
| २५.२ | | | **सपिङ्ग कम्प्लेक्स र सटर भाडा वापतको आम्दानीः** यस नगरपालिकाको स्वामित्वमा रहेका ६७ वटा सटरहरु कम्पाउण्ड वरिपरी रहेका छन । त्यस्तै गोलघरका पसलहरु ७ वटा रहेका छन, स्वस्थ मासु पसलहरु ६ वटा र तरकारी पसलहरु १४ वटा रहेका छन । यसरी नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ९४ वटा सटरहरुको भाडा सम्झौंता गरेको देखिन्छ । सपिडंग कम्प्लेक्सको आ.व. २०७४।७५ मा सूचना प्रकाशन गरी ठेक्का लगाइएकोमा व्यक्तिगत फर्महरुसँग सम्झौता गरिएकोमा आ. व. २०७५।७६ मा पुरानो भाडा रु. २९०० बाट बढाएर रु. ५५०० तथा रु. ५५०० को भाडालाई रु. ७००० बनाउने निर्णय गरी नयाँ सम्झौता गर्न खोज्दा सम्झौंता हुन नसकेको अवस्था छ । त्यस्तै आ.व. २०७५।७६ देखि हालसम्मको सपिङ्ग कम्प्लेक्स भाडा नविकरण भएको छैन र नयाँ सम्झौंता पनि हुन सकेको छैन । पुरानो बक्यौंतालाई १० प्रतिशत जरिवाना लगाई उठाउने भनिएतापनि त्यसो हुन सकेको देखिँदैन । | |
| २५.३ | | | **टिकापुर बसपार्क ठेक्काः** विगतमा टिकापुर बसपार्कमा ठेक्का बन्दोबस्त गर्न नसकिएतापनि यस आ. व. मा यस नगरपालिकाले ठेक्का व्यवस्थापन गरेको छ । रु. ११,००,००० मा यसको ठेक्का लागेको देखिन्छ । बसपार्कलाई थप व्यवस्थित गराई दररेटमा पुनरावलोकन गर्दै आन्तरिक आयको ठेक्का लगाउनु पर्दछ। | |
| २५.४ | | | **हाट बजार ठेक्काः** टिकापुर नगरपालिकाले आ.व. २०७८।७९ मा टिकापुर पशु हाट वजारको ठेक्काको लागि मिति २०७८।०४।०८ मा सार्वजनिक सूचना प्रकाशन गरी १० वटा व्यक्ती तथा फर्मले बोलकबोल गरेकोमा सबैभन्दा बढी कबोल गर्ने श्री निर्मला के सी को रु. ३०,९०,०००।०० रहेकोमा ५ प्रतिशत छुट दिई एकमुष्ट रुपमा रु. २,९८,६३,०००।०० बुझाई ठेक्का सम्झौता गरेको देखियो। आर्थिक बर्ष २०७९।८० मा भने लेखा परीक्षणको समय सम्म यो ठेक्का लागेको देखिएन । यो ठेक्का बाहेक टिकापुर नगरपालिकाले अन्य हाट वजारको व्यवस्थापन गरेको देखिँदैन। कुषिमा आधुनिकिकरण, विविधिकरण र व्यावसायिकरण प्रयोजनार्थ लागि कृषिमा औधोगिकिरण र बजारीकरण गर्नको लागि हाट बजारहरुको संभाव्यता अध्ययन गरी थप स्थानहरुको पहिचान गरी हाट बजारको विस्तारीकरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २५.५ | | | **निकासी करः** विगतमा खग्रौला नाका र दौलतपुर घाटमा निकासी करको ठेक्का लगाएकोमा आर्थिक वर्ष २०७८।७९ मा सो ठेक्का लगाएको पाइएन । स्थानीय अर्थतन्त्रको सुदृढीकरण मार्फत निर्यात प्रबर्दन र आयात व्यवस्थापन गर्नको लागि यस प्रकारको ठेक्काको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठुलो महत्व रहन्छ । यसर्थ स्थानीय स्रोत साधन सीप र प्रविधिको विस्तार गरी स्थानीय रोजगारी सिर्जना आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन गर्नको लागि सिमा नाकालाई थप व्यवस्थित बनाई कर लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २५.६ | | | **ताल वा पोखरीको ठेक्काः** बिगतमा ठेक्का लागेको ओजुवा तालको ठेक्का व्यवस्थापन हुन नसक्नुबाट तालको ठेक्का व्यवस्थापनमा पालिकाको अवस्था राम्रो देखिँदैन ।पालिकाले ताल वा पोखरीको संभाव्यता अध्ययन गरी नयाँ नयाँ पोखरीहरुको संभाव्यता अध्ययन गरी थप व्यवस्थित गरी जलवायु अनुकुलन र पारिस्थितिक पद्धतिको संरक्षण गर्दै दिगो आम्दानीको स्रोतको व्यवस्थापनमा पालिकाले ध्यान दिनु जरुरी देखिन्छ । | |
| २५.७ | | | **टिकापुर बृहद बंगला पार्कको ठेक्काः** विगतमा ठेक्कामा लगाइएकोमा आर्थिक बर्ष २०७८।७९ मा यस पार्कमा ठेक्का नलगाई अमानतबाट काम गरेको पाइयो । राजश्व शाखाबाट प्राप्त विवरणअनुसार आर्थिक बर्ष २०७८।७९ मा यस पार्कबाट रु. ४०,९४,७७०.०० आम्दानी भएको देखिन्छ । राजश्व शाखाले पार्कको शुल्क उठाउने प्रयोजनको लागि स्वदेशी नागरीकको लागि १४०८ वटा रसिदको ठेली, विद्यार्थि सहुलियतको लागि १४० थान ठेली र पार्कको प्रवेश विविध शुल्कको लागि ११८ वटा ठेलीहरुको छपाई गरी पार्कलाई दिएकोमा निम्नानुसारको व्यहोरा देखियोः | |

| रसिदको प्रकार | वुझिलिएको संख्या | प्रयोग भएका ठेलीको संख्या | फिर्ता आएका ठेलीको संख्या | प्रयोग भएका रसिद | खुद आम्दानी प्राप्त |
|---|---|---|---|---|---|
| स्वदेशी नागरीक रु २५प्रति रसिद | १४०८ | १३००।४९ | १०७।५१ | १३००४९ | ३२५१२२५ |
| विद्यार्थि सहुलियत रसिद रु १५ प्रति रसिद | १४० | ६१।४२ | ७८।५८ | ६१४२ | ९२१३० |
| पार्क प्रवेश विविध शुल्क | ११८ | ८४।३५ | ३७ | ८४३५ | ७२६८५० |
| जम्मा | १६६६ | १४४६।२६ | २२३।०९ | १४४६२६ | ४०,७०,२०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस प्रकार पालिकाले दिएको विवरण र प्राप्त आम्दानिलाई केलाउँदा पालिकाले रसिदको आधारमा दिएको विवरण र पार्कबाट प्राप्त कुल आम्दानीमा रु. २४,५६५।०० फरक परेको देखिन्छ । पार्क प्रवेश विविध शुल्कको लागि कुल पठाइएका ११८ वटा ठेलीहरु मध्ये ८४।३५ वटा ठेलीहरुको प्रयोग भएकोले ३३।६५ वटा ठेलीहरु फिर्ता आउनुपर्नेमा ३७ वटा ठेलीहरु फिर्ता भएको देखिन्छ। रसिद ठेलीहरु हेर्दा रसिदहरुमा आर्थिक बर्ष खुलाएको पाइएन । राजश्व शाखा प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणित गरी आम्दानी रसिद नियन्त्रण खातामा अभिलेख राखेर मात्र प्रयोगमा ल्याउनुपर्नेमा सो गरेको पाइएन । यसर्थ यस पालिकाले बृहद उद्यान पार्कबाट प्रप्त गरेको आम्दानी बस्तुनिष्ठ छ भन्न सक्ने आधार देखिएन । आर्थिक वर्ष खुल्ने गरी आवश्यक संख्यामा रसिदहरु छपाई गरी सोको अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी कार्यालयको छाप लगाई आम्दानी रसिद नियन्त्रण खातामा विवरण अद्यावधिक गरी प्रयोगमा ल्याउने र आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रसिद सहितको आम्दानी विवरण अद्यावधिक गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २५.८ | | | **प्राकृतिक स्रोत साधनको विक्रि तथा रोयल्टी बाट आम्दानीः** पालिकाले वातावरणीय प्रभाव मुल्याङ्कन (IEE) को प्रतिवेदन अनुसार कर्णाली नदीको विभिन्न ५ वटा स्थानहरुमा गरी बढीमा कुल ८०,६५६ घनमिटर परिमाणको उत्खनन गर्ने गरी सुदुर पश्चिम प्रदेश सरकारले तयार गरी लागु गरेको ढुङ्गा गिट्टी वालुवा को उत्खनन तथा विक्रि सम्बन्धी व्यवस्थापन कार्यविधि २०७० बमोजिम ठेक्काको सूचना प्रकाशन भएकोमा सो बमोजिम ठेक्का व्यवस्थापन भएको पाइएन ।अमानत वापत काम गरी बार्षिक रु.५०,२६,६८०.५० आम्दानी भएको देखिन्छ भने सो कार्यको लागि काममा खटिने कर्मचारीहरु सुरक्षाकर्मिहरु र अनुगमनखर्च सहित रु.३,६५,४००.०० खर्च भएको देखिन्छ । यसर्थ यो कार्यबाट बार्षिक रु.४६,६१,२८०.५० आम्दानी भएको छ । यसरी अमानतबाट काम गर्दा कुन स्थानबाट कति उत्खनन भयो तथा कुल कति परिमाणको उत्खनन भयो भनी वार्षिक प्रतिवेदन तयार गरी सोको समिक्षा गरेको देखिएन ।यस्तो प्रकारको ठेक्का व्यवस्थापनले कुनै स्थानमा आवश्यकता भन्दा बढी उत्खनन हुने अवस्था समेत आउँछ । यस्तो प्रकारको कार्यले वातावरणीय अनुकुलता र दिगो विकासलाई आत्मसात गरेको छ भन्न सकिएन । | |
| २५.९ | | | **आन्तरिक आयको विवरणः** आर्थिक बर्ष २०७८।७९ को लागि टिकापुर नगरपालिकाको आम्दानीको परिक्षणको लागि राजश्व शाखाले पेश गरेको विवरणको आधारमा २०७८ चैत्र महिना र २०७९ जेष्ठ महिनाको आम्दानीलाई नमुनाको रुपमा विश्लेषण गर्दा निम्नानुसारको व्यहोरा पाइयो । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मिति</td><td>स्रेस्तानुसारको आम्दानी रु.</td><td>बैक स्टेटमेन्ट अनुसारको आम्दानी रु.</td><td>फरक आम्दानी रु.</td><td>कैफियत</td></tr>
<tr><td>२०७८ चैत्र महिना</td><td>५२,४२,९२६.६१</td><td>५३,७७,०३४.१५</td><td>१,३४,१०७.५४</td><td>राजश्व शाखाले विड वण्ड, बेरुजु लगायतका आम्दानीलाई एकिकृत रुपमा आम्दानी जनाउने गरेको देखिएन । लेखा शाखामा समेत सबै प्रकारको आमदानीको एकिकृत विवरण अद्यावधिक छैन ।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७९ जेष्ठ महिना</td><td>३९९४०१४।२८</td><td>३९५७२९३।५०</td><td>३६७२०।७८</td><td>राजश्व शाखाले गरेको आम्दानीलाई समयमै बैक दाखिला गरेको भेटिएन ।</td></tr>
</table>
पालिकाको बजेट, योजना तथा कार्यक्रम कार्यान्वयनको लागि अत्यन्तै महत्वपुर्ण रहने आन्तरिक स्रोतको यथासमयमै तथ्याङ्क अद्यावधिक नहुँदा पालिकाको समग्र प्रगतिमा नै असर पर्ने देखिन्छ । आन्तरिक आय तर्फ राख्नुपर्ने फारम नराखेको, कार्यालयले परीक्षण भिडान नगरेकोले प्राप्त हुनुपर्ने र प्राप्त भएको राजस्वमा भिडान गर्न सकिएन। यसर्थ, पालिकाको राजश्व शाखाले आम्दानी रकमलाई एकिकृत रुपमा प्रणालीमा प्रविष्टि गर्ने र लेखा शाखामा पनि बैक हिसाव मिलानको विवरण सहितको वास्तविक आम्दानी एकिन गरीआम्दानी विवरण राख्ने तथा प्रतिवेदन दिने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.१०</td><td></td><td></td><td>बैकमा जम्मा गर्न पठाइएको रकम जम्मा नभएको: २०७९ आषाढ महिनाको आन्तरिक आयको परिक्षण गर्दा मिति २०७९।०३।२१ मा राजश्व शाखा प्रमुद श्री दिला कुमारी जोशी (रेग्मी) ले घर वहाल कर स्वरुपको रकम रु. ७९,८४८.०० नेपाल बैक लिमिटेड टिकापुर शाखामा जम्मा गर्न पठाएकोमा सो रकम मध्ये रु. ५००.०० मिति २०७९।०३।२२ मा जम्मा भएको देखिन्छ भने रु. ७८,३४८.०० बैकले बुझेको देखिएतापनि बैकमा जम्मा भएको देखिएन । यसर्थ सो रकम सम्बन्धित बैकबाट राजश्व दाखिला गराउनु पर्ने देखिएको रु.</td><td>७८,३४८</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>नदीजन्य पदार्थमा रोयल्टी:<br><br>सुदुरपश्चिम प्रदेश आर्थिक ऐन २०७८ को दफा ८ मा संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा वाहेक प्राकृतिक श्रोत मध्ये आफ्नो क्षेत्र भित्र ढुङ्गा गिटी वालुवा स्लेट ग्राभेल र रोडाको संकलनमा अनुसूची ६ वमोजिम प्रतिघनफिट रु ३ अर्थात प्रति घनमिटर रु १०५.९४५ का दरले रोयल्टी लगाई असुल गर्ने व्यवस्था गरेको छ । पालिकाले स्थानीय राजस्व परामर्श समितिकव सुझावको आधारमा नगरसभाको नियर्णयानुसारको दररेट तोकी ढुङ्गा गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडाको संकलन ठेक्का लगाउँदा आर्थिक ऐनले तोकेको दररेटलाई आधार मान्नु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **बोलपत्रको कार्य**<br><br>**बिजक बेगरको भुक्तानी :** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न निर्माण कार्यको प्राबिधिक बिल अनुसार ब्यासायीलाई रकम भुक्तानी दिएकोमा निमार्ण ब्यावसायीलाई भुक्तानी दिए बरावरको कर बिजक पेश गरेको देखिएन,।अत निर्माण ब्यवसायीले उक्त रकम बरावरको आय बिवरण पेश गरेको भए कर चुक्ता र मु.अ कर समायोजन प्रमाण पेश गर्ने अन्यथा उक्त रकम ब्यावसायीबाट असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू ... | ७५,४२७ |

| योजनाको नाम | निर्माण ब्यावसायीको नाम | गो. भौ.न र मिति | भुक्तानी रकम | बिजक पेश भएको रकम | फरक रकम |
|---|---|---|---|---|---|
| हुलाकी रोडबाट डल्फिन संरक्षण क्षेत्र बाटो निर्माण | वेटरलाईफ कन्स्टकशन | १५।२०७८ ४।१६ | ४१६४०५ | ३९१८५६ | २४,५४९ |
| गुम्वा रोड हुदै नवराज पाण्डेको घरहुदै सडक निर्माण | भण्डारी ब्रदर्श कन्स्टकशन | १७।२०७८ ४।२६ | ४६१०६८ | ४१०१९० | ५०,८७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **ठेक्कातर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.१ | | | बढी भुक्तानीः संघीय हस्तान्तरित कार्यक्रमबाट ठे. नं. NCB/WORKS/12/2078/079 वनगाउँ विचपुरुवाको बाटो हुँदै वडा नं. ३ जाने जमरा नदी जोड्ने रामपुर जाने बाटो निर्माण कार्यको निर्माण व्यवसायी श्री भट्टराई कन्ट्रक्सन कम्पनीलाई प्रथम रनिङ्ग बील रकमको भुक्तानी रु. ७,४३,२७६.२५ बाट विभिन्न दायित्व कट्टी पश्चात रु. ६,६५,९७५.५३ भुक्तानी हुनुपर्नेमा रु. ७,७८,९९५.०० भुक्तानी भई रु. १,१३,०१९.०० बढी भुक्तानी भएको देखिन्छ । तसर्थ, बढी भुक्तानी भएको असुल हुनुपर्ने देखिएको रु. | ११३,०१९ |
| २८.२ | ८ | २०७८-१२-२८ | **बढी भुक्तानीः** संघीय हस्तान्तरित कार्यक्रमबाट ठे.नं. NCB/6/BUILD/2078/079 नमुना विद्यालय विशेष क्रमागत भवन निर्माण कार्यक्रम अन्तरगतको स्विकृत कर्णाली माध्यमिक विद्यालय टिकापुर १ को भौतिक पुर्वाधार निर्माणको लागि निर्माण व्यवसायी श्री जयप्रभू निर्माण सेवालाई प्रथम रनिङ्ग बीलको भुक्तानी गर्दा प्राविधिक मुल्याङ्कन रु. ३८,८८,०१३.०० रहेकोमा कर बिजक रु. ३८,६७,२७९.७५ पेश गरी सबै रकम भुक्तानी भएकोले रु. २०,७३३.२५ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ, बढी भुक्तानी भएको असुल हुनुपर्ने देखिएको रु. | २०,७३३.२५ |
| २८.३ | ३० | २०७९-३-२४ | **कर समायोजनः** संघीय हस्तान्तरित कार्यक्रमबाट ठे.नं. NCB/WORKS/13/2078/079 भर्तापुर जाने सडक कोलोपत्रे सडक निर्माण आयोजना वडा नं. ६ भर्तापुर कैलालीको लागि निर्माण व्यवसायी श्री भट्टराई कन्ट्रक्सन कम्पनीलाई प्रथम रनिङ्ग बील रकमको भुक्तानी गर्दा मुल्य अभिबृद्धि कर रु. ३,३४,४३७.३१ को ३० प्रतिशतले हुने रु. १,००,३३१.१९ कट्टी गर्नु पर्नेमा रु. ४३,४७६.८५ मात्र कट्टी गरेकोले रु. ५६,८५४.३४ न्युन कट्टी गरेको देखियो । तसर्थ, मुल्य अभिबृद्धि कर समायोजनपत्र पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने देखिएको रु. | ५६,८५४.३४ |
| २८.४ | ४७ | २०७८-६-३० | **कर कट्टि नगरी भुक्तानीः** संघीय हस्तान्तरित कार्यक्रमबाट ठे.नं. NCB/WORKS/39/2076/77 नवराज पाण्डेको घरदेखि महानन्द वाग्लेको घर सम्म जाने कालोपत्रे सडक निर्माण कार्यको प्रथम रनिङ्ग बिलको मुल्याङ्कित रु. ६,९२,९१६.०० बाट श्री भण्डारी ब्रदर्श एण्ड कन्ट्रक्सन टिकापुरको मोबिलाईजेसन पेश्की रु. ६,९२,९१६.०० को पेश्की फछ्यौंट गरेको देखियो । कर कट्टी पछि बाँकी रहेको रकमबाट पेश्की फछ्यौंट गर्नु पर्नेमा सो नगरी मिति २०७८।०४।२६ मा सो ठेक्काको अन्तिम बीलको भुक्तानी गर्दा समेत सोको समायोजन गरेको नदेखिएकोले निम्नानुसारको दायित्व रकम कट्टि गरी दाखिला हुनु पर्दछ ।<br><br>कट्टी गर्नुपर्ने विवरण \| कट्टी गर्नुपर्ने रकम रु. \| हुनुपर्ने व्यहोरा<br>अग्रिम आयकर \| ९,१९८.०० \| संघीय संचित कोषमा दाखिला हुनुपर्ने | ७९,७१६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>धरौंटी रकम</td><td>३०,६६०.००</td><td>असुल गरी धरौंटीमा जम्मा गर्नुपर्ने</td></tr>
<tr><td>मु. अ. कर रकम</td><td>३९,८५८.००</td><td>मु. अ. कर समायोजन पत्र समावेश गर्नुपर्ने अन्यथा असुल उपर हुनुपर्ने</td></tr>
<tr><td>जम्मा</td><td>७९,७१६.००</td><td></td></tr>
</table>
यसर्थ, उल्लिखित दायित्व रकमहरु सो निर्माण व्यवसायीबाट असुल गरी सम्बन्धित खाताहरुमा जम्मा हुनुपर्ने देखिएको रु.</td><td></td></tr>
<tr><td>२८.५</td><td>३०२</td><td>२०७९-३-८</td><td>न्युन लागत सहभागिता: नगरपालिका पुँजिगत ठे.नं. TMO/NCB/18/BUILD/2078/079, तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार सो कार्यक्रमबाट ९० प्रतिशत र बाँकी १० प्रतिशत सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आम्दानीबाट लागत सहभागिता गराई यो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सो कार्यविधि बमोजिम लागत अनुमान तयार गरी कार्यान्वयनमा लगिएको ठेक्काको समेत स्थानीय तहको लागत सहभागितको अंश कम रहेको पाइयो । दलित बस्ती आवास निर्माण वडा नं. ५ सुक्लीपुरको लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतको भुक्तानी गर्दा स्थानीय तहको ५.२६ प्रतिशत मात्र अंश देखिएकोले कार्यविधिले तोकेको भन्दा रु. १,२३,७९९.२० न्युन सहभागिता भएको देखिन्छ । यसर्थ न्युन सहभागिता भएको रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.</td><td>१२३,७९९.२</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>सोझै खरिद</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>कोटेशनको कार्य: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्धारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि २ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १० देखि ४० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।
<table>
<tr><th>गो.भौ. न</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th><th>घटी प्रतिशत</th></tr>
<tr><td>४४२।२०७९।३।२४</td><td>खानेपानी तथा सरसफाई सम्बन्धित समान खरिद</td><td>७०००००</td><td>७००००००</td><td>०।००</td></tr>
<tr><td>४४१।२०७९।३।२४</td><td>मेशिनरी तथा औजार खरिद</td><td>९७५५२९</td><td>९७५५२९</td><td>०।००</td></tr>
<tr><td>२७।२०७९।३।३१</td><td>नबिकरणी उर्जा प्रबिधि जडान</td><td>४९८०३२</td><td>४९८०३२</td><td>०।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>नन् फाईलरलाई मु अ कर भुक्तानीः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको नोन फाईलर फर्मलाई रु मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत निम्न समयदेखि नोन फाईलर रहेको देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने, रु.
<table>
<tr><th>गो. भौ.न र मिति</th><th>पार्टीको नाम</th><th>कामको नाम</th><th>नोन फाईलर मिती</th><th>मु अ कर रकम</th></tr>
<tr><td>१३।२०७८।४।२६</td><td>ए प्लस क्वालिटी कन्स्टकशन</td><td>वडा न.५कार्यालय भवन निर्माण</td><td>२०७८।७</td><td>७३,५२१</td></tr>
</table></td><td>१,२६७,१९२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ७६।२०७८।८।२२ | ए प्लस क्वालिटी कन्स्टकशन | वडा न.६कार्यालय भवन निर्माण | २०७८।७ | १,७४,८०१ |
| ११३।२०७८।८।२२ | ए प्लस क्वालिटी कन्स्टकशन | वडा न.६कार्यालय भवन निर्माण | २०७८।७ | १६७२७६ |
| ८४।२०७८।८।२२ | राजन निर्माण सेवा | मनुवा रोड नरभु पालको घरदेखि कालोपत्रे | २०७८।८ | २,०५,९७८ |
| ९८।२०७८।९।१९ | ए प्लस क्वालिटी कन्स्टकशन | कर्णाली मा.बि. को प्रशासनिक भवन निर्माण | २०७८।८ | १,४१,७३९ |
| २४६।२०७९।१।२५ | आर डी इन्जिनिरिङ्ग सोलुशन | सुकम्वासी चोकदेखिशंकर कुवरको घर हुदै सडक कालोपत्रे | २०७८।८ | ८६,१५३ |
| २५४।२०७९।२।१२ | राजन निर्माण सेवा | वडा न ३ रामपुर चौराहदेखि बाटो निर्माण | २०७८।८ | ६०,१४१ |
| ३१६।२०७९।३।९ | आर डी इन्जिनिरिङ्ग | सुकम्वासी चोकदेखिशंकर | २०७८।८ | २,०५,५८३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>सोलुशन</td><td>कुवरको घर हुदै सडक कालोपत्रे</td><td></td><td></td></tr>
<tr><td>४३९।२०७९।३।१४</td><td>राजन निर्माण सेवा</td><td>रामपुर चौराहदेखि स्वास्थ्य केन्द्र हुदै बाटो</td><td>२०७८।८</td><td>९८,१६३</td></tr>
<tr><td>४५१।२०७९।३।२५</td><td>बि.पि. चक निर्माण वडा १</td><td>देउला निर्माण सेवा</td><td>२०७८।११</td><td>५३,८३७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१२,६७,१९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
सोझै खरीद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ ।ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. ६३,३१,६९४ को सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>खरीद गरेको फर्म</th><th>सामानको विवरण</th><th>रकम रु.</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७।०७८।४।३१</td><td>ओमेश्वरी सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>१७९५५७</td></tr>
<tr><td>३३१।०७८।१०।१२</td><td>टिकापुर गुड्स सप्लायर्स</td><td>कार्यालय सामाग्री</td><td>२४२८३६</td></tr>
<tr><td>४०१।०७८।११।२</td><td>मा कर्णाली इलेक्ट्रीक</td><td>कार्यालय सामाग्री</td><td>४५७६५०</td></tr>
<tr><td>१०१९।०७९।३।१८</td><td>न्यू प्रतिभा बुक्स एण्ड स्टेशनर्स</td><td>कार्यालय सामाग्री</td><td>७३०००१</td></tr>
<tr><td>१२६।०७८।८।२०</td><td>एल. बी. कम्प्युटर सेन्टर</td><td>कार्यालय सामाग्री कम्प्युटर्स</td><td>४९६५१६</td></tr>
<tr><td>१२८।०७८।८।२०</td><td>आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री कम्प्युटर्स तथा इलेक्ट्रीक</td><td>१७४००८</td></tr>
<tr><td>४६४।०७८।११।२२</td><td>रयाजल ट्रेड सप्लायर्स</td><td>कार्यालय सामाग्री कम्प्युटर्स तथा इलेक्ट्रीक</td><td>४९४०००</td></tr>
<tr><td>५२९।०७८।१२।१७</td><td>डायमण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री कम्प्युटर्स तथा इलेक्ट्रीक</td><td>४०७७८०</td></tr>
<tr><td>६८५।०७९।१।७</td><td>आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स</td><td>कार्यालय सामाग्री कम्प्युटर्स तथा इलेक्ट्रीक</td><td>४७३४३३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १००१।०७९।३।१७ | आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामाग्री कम्प्युटर्स तथा इलेक्ट्रीक | ४३०००० |
| ११३३।०७९।३।२३ | एल.बी.कम्प्युटर सेन्टर | कार्यालय सामाग्री कम्प्युटर्स | ३०२३९२ |
| | आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामाग्री कम्प्युटर्स | १७९६०१ |
| ११७४।०७९।३।२४ | डायमण्ड सप्लायर्स | कार्यालय सामाग्री इलेक्ट्रीक | २७१३७२ |
| ७३।०७८।६।१३ | शिवम् अटो हविल्स | सवारी मर्मत | १९०६०५ |
| १५६।०७८।८।२३ | ए.डि. अर्थभूअर्थ एण्ड सर्भिस सेन्टर | सवारी मर्मत | ४५५२९९ |
| ४५९।०७८।११।२१ | शिवम् अटो हविल्स | सवारी मर्मत | १८५५४० |
| ६९५।०७९।१।९ | शिवम् अटो ह्विल्स | सवारी मर्मत | ९८९७० |
| ७२३।०७९।१।१४ | द मालिका इन्टरप्राइजेज | सवारी मर्मत | ९९९५७ |
| १०६७।०७९।३।२० | दक्षिणकाली इनकर्पोरेटेड प्रा.लि. | सवारी मर्मत | १८५३६२ |
| १११८।०७९।३।२२ | कैलाली टायर हाउस | सवारी मर्मत | १२८२७५ |
| ११३७।०७९।३।२३ | न्यू भट्टराई ट्रेडर्स | सवारी मर्मत | १४८५४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा — ६३,३१,६९४ | |
| ३१ | | | **उपभोक्ता समितिको काम** | |
| ३१.१ | | | **उपभोक्ताको कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू ८,६१,२७,२८५।०० मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन । | |

| सिन | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | खर्कौला सडकदेखि धौलागिरी क्यासेट स्मृती हुदै सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | १७७४०२३ |
| २ | अस्नेरीदेखि छ्वेगरखैला जाने बाटो कालोपत्रे उ.स | सडक कालोपत्रे | १७,९७,१८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see inner table below) | |

| | | | |
|---|---|---|---|
| ३ | जमरा पक्कीपुल देखि रामपुर चौराहसम्म सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | १३,९६,५४८ |
| ४ | नारायणपुर देखि वडा कार्यालय हुदै सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | ११,३९,६०३ |
| ५ | खक्रौला सडक राजुअर्यालको घरदेखि कल्लु घिमिरेको घरसम्म कालोपत्रे उ.स | सडक कालोपत्रे | ७,१४,६३४ |
| ६ | टीकापुर न.पा.२सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | १५,२३,३५६ |
| ७ | बेलुवा चौराहदेखि बेलुवा दिब्यपुरप्रतिपुर हुदै हुलाकी सडकसम्म सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | २४,७६,९९९ |
| ८ | सुर्यपुर हुलाकी सडक हुदै वडा कार्यालय खक्रौला सडक कालोपत्रे उ.स | सडक कालोपत्रे | १६,२२,४४४ |
| ९ | बि पि निकुञ्ज सामुदायिक वन उ.स.६ | भवन निर्माण | ८,३९,२०० |
| १० | नया दुर्गा नगर स्थित कल्भर्ट नि.उ.स | कल्भर्ट | ४,७६,७८० |
| | जितरा चौधरीको घरदेखि पथरैया हुदै बाटो ग्राबेल उ.स | बाटो ग्राबेल | ६,९९,४१० |
| ११ | मुक्त कमैया आ.बि. शटर नि.उ.स | शटर नि | ८,००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १२ रामजानकी र शिवकालि मन्दिरको ट्रस निर्माण — ट्रस निर्माण — ७,१४,७३६<br>१३ भानुभक्त राष्टिय आ. बि भवन निर्माण — भवन निर्माण — १६,१५,०००<br>१४ बेलुवा जाने बाटोको कुलो तटबन्ध निर्माण — तटबन्ध निर्माण — १६,९९,७६४<br>१५ सति कर्णाली वनको भण्डार गृह निर्माण — भवन निर्माण — १४,८८,९६० | |
| ३१.२ | | | जनसहभागिताको अंशदान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १५ प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन। अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ । | |
| ३१.३ | | | **सार्वजनिक परीक्षणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ३१.४ | | | **गुणस्तर परीक्षणः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।
<table>
<tr><th>सि.नं</th><th>निर्माण कामको विवरण</th><th>पार्टीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>वनगाउ दक्षिणपुरदेखि वडा न. ३सिमाना जोडने सडक कालोपत्रे</td><td>वनगाउ दक्षिणपुरदेखि वडा न. ३सिमाना जोडने सडक कालोपत्रे उ.स</td><td>२९,३५,०३८</td></tr>
<tr><td>२</td><td>बेलुवा जाने बाटोको कुलो तटबन्ध निर्माण</td><td>बेलुवा जाने बाटोको कुलो तटबन्ध निर्माण उ.स.</td><td>१६,९९,७६४</td></tr>
<tr><td>३</td><td>सामुदायि पशु ब्यवस्थापन बायो ग्यास निर्माण</td><td>नेपाल उर्जा बिकास कम्पनी</td><td>३१,७५,४५१</td></tr>
<tr><td>४</td><td>वडा ६ वडाकार्यालय भवन निर्माण</td><td>ए प्लस क्वालिटी कन्स्टकशन</td><td>२९,६९,४०५</td></tr>
<tr><td>५</td><td>कर्णाली मा.बि सती छात्रवास निर्माण</td><td>कर्णाली मा.बि सती छात्रवास निर्माण उ.स</td><td>१०,६३,४२५</td></tr>
<tr><td>६</td><td>कर्णाली मा.बि .टीकापुरको</td><td>ए प्लस क्वालिटी कनस्टकशन</td><td>१७,७४,४४६</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>प्रशासकीय भवन निर्माण</td><td></td><td></td></tr></table> | |
| ३१.५ | | | आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयबाट उपभोक्ता समितिदारा निमार्ण तथा खरिद कार्यको लागी बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताकाले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ । यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयदारा निर्माण भएका काम वास्तबिक हुन भन्न सकिने आधार देखिएन र साथै जसले गर्दा समान ढुवानी कति रकम बराबर भएको हो एकिन गरी ढुवानी कर समेत असुल गर्न सक्ने आधार देखिएन ।अत कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तबिक बिल भरपाई मात्र भुक्तानी भौचरसंग राख्न तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्म छन ।<br><table><tr><td>सि.न.</td><td>कार्यक्रमको नाम</td><td>योजनाको नाम</td><td>समानको नाम</td><td>पेश भएको बिल रकम</td><td>कैफियत</td></tr><tr><td>१</td><td>प्रदेश सरकार पुजिगत</td><td>पार्कमोड राजा रामको घरदेखि बाटो नि.उ.स २</td><td>ग्राबेल माटो ढुवानी</td><td>३,१६,२००</td><td>लिखितम भरपाई</td></tr><tr><td>२</td><td></td><td>जहेन्द्र बोगटीको घरदेखि डण्डपाणी जोशीको घरहुदै जाने बाटो उ,स</td><td>ग्राबेल माटो ढुवानी</td><td>४,९३,९८४</td><td>लिखितम भरपाई</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td></td><td>टी. न. पा.१ बाटोमा माटो र ग्राबेल उ.स.</td><td>ग्राबेल माटो ढुवानी</td><td>५,००,०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>४</td><td>न.पा पुजिगत</td><td>बेर्लुवा चौराह चोकदेखि दिब्यपुर प्रतिपुर हुदै हुलाकीमार्ग सडक कालोपत्रे उ.स</td><td>सडक कालोपत्रे</td><td>५,६४,०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>५</td><td></td><td>सुर्यपुर हुलाकी सडक हुदै वडा कार्यालय खक्रौला सडक कालोपत्रे उ.स</td><td></td><td>१०,९२,१००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>६</td><td></td><td>सुकम्वासी चोकदेखि शंकर कुवरको घर हुदै सडक कालोपत्रे उ.स</td><td></td><td>१५,०६,०००</td><td>लिखितम भरपाई</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.६</td><td></td><td></td><td>बिल बेगरको भुक्तानीआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।यस कार्यालयले निम्न भौचरबाट बिमा ल्याब परीक्षणको लागी रकम भुक्तानी</td><td>३०,०१९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दिएकोमा उपभोक्ताले बिमा र ल्याव परीक्षण गरेको बिजक पेश गरेको देखिएन ।अत यसरी बिजक बेगर भुक्तानी गरेको असुल गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>भौचर न</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th><th>बिल पेश भएको रकम</th><th>बिल बेगरको भुक्तानी</th></tr>
<tr><td>१०२।२०७८।९।२१</td><td>3</td><td>२०००० ल्याब परिक्षण</td><td>०</td><td>२००००</td></tr>
<tr><td>११२।२०७८।१०१२</td><td>बर्दिया ब्लाक वक कन्स्टकशन</td><td>४४३१२ बिमा</td><td>३४२९२</td><td>१००१९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३००१९</td></tr>
</table></td><td></td></tr>
